# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक २०, २०७८ मंसिर १४ मंगलवार (Jhuleni Post Weekly) 30 Nov. 2021 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६


कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार

Email :
jhulenipyuthan@gmail.com


## जहाँ लोकतन्त्रको रमिता देखियो !










झुलेनी पोष्ट

प्यूठान


नीति र नेतृत्व परिवर्तनले जुनसुकै संगठनलाई जीवन्त बनाउँछ। लोकतान्त्रिक व्यवस्थामा राजनीति दलको नीति र नेतृत्व राम्रो भयो भने जनता त्यही दलमा बढि आबद्ध हुन्छन् । त्यो दललेनै देश चलाउँछ । देशको भाग्य भविश्य पनि यसैमा भरपर्छ । नीति अनुसारको नेतृत्व भए मात्र संगठन सुदृत हुँदै जान्छ। जसले आम कार्यकर्ताको भावना बोकेको हुन्छ । तर, राजनीति दलहरुले बोक्ने नीति र नेतृत्व परिवर्तन गने परिपाटीलाई यतिसम्म निरिह पारिएको छ कि जसले चाप्लुसी गर्छ, जसले साविकको नेतृत्वको भजन मण्डली गाउँछ,जो संग बढि पाखुरीमा वल छ, गोजीमा दाम छ, उसैले नेतृत्व हत्याउँछ। कोठामा बसेर, टिका लगाएर नेतृत्व चयन गर्ने परिपाटीको पनि विकास हुँदै गएको छ। पार्टीबाट टिकट पनि उसैले पाउँछ। यसले जुनसुकै पार्टीमा पनि आम ईमान्दार कार्यकर्तालाई उत्साह होइन निराशा थपेको हुन्छ। व्यबस्थालाई नै फेलर बनाउँछ । लोकतन्त्रको आफूलाई अगुवा ठान्ने पार्टी नेपाली कांग्रेस प्यूठानको मंगलबार भएको १४ औं जिल्ला अधिबेशनको मतदान पछि जुन घटना घट्यो यसले लोकतान्त्रिक परिपाटी अंगाल्नेहरुलाई गिज्याइरहेको छ । खिसीगरिहे

बाँकि ४ पेजमा.....

## काँङ्ग्रेस प्यूठानमा गिरी निर्वाचित

नेपाली कांग्रेस प्यूठानको जिल्ला सभापतिमा बिष्णु कुमार गिरी निर्वाचित भएका छन् । मंगलबार सम्पन्न भएको १४ औ निर्वाचनमा गिरिले ७२ मत अन्तरले प्रत्यासी शिवराज रिजाललाई पछि पारेका हुन । जिल्ला सभापती पदका लागि खसेको १०६९ मतमध्ये गिरीले ५ सय ६६ मत ल्याएका थिए भने रिजालले ४ सय ९४ मत प्राप्त गरेका हुन । निर्वाचित गिरि गगन थापा निकट मानिन्छन । पराजित रिजाल देउवा समूह निकटका हुन । सभापति पदका लागि सर्वसहमत हुन नसकेपछि निर्वाचन भएको हो ।

बाँकि ४ पेजमा.....

### जीवनको रंग

## जसलाई घोँडाले रोगजारी दिएको छ


मधुसुदन पोख्रेल

झुलेनी पोष्ट, प्यूठान






बिहानै उठ्छन् । घोडालाई दाना पानी गरि घोडा डोराउँदै काम गर्न हिड्छन बलबहादुर सुनार। स्वर्गद्धारी नगरपालिका ३ रुमालेका सुनारको दैनिकी यस्तै काम गर्दै बितेको चौध वर्ष भइसक्यो । स्वर्गद्धारीमा आउने पर्यटककालाई धरमपानीबाट स्वर्गद्धारी पुऱ्याए वाफत पाउने पैसाले उनको परिवार पालिएको छ। धानिएको छ। उनले दैनिक एक हजार देखि ५ हजार सम्म कमाएका बताउँछन् । सुरुमा १० हजार लगानी मार्फत घौँडा खरीद गरी उनले यो काम गर्न थालेको हुन् । 'पर्यटकहरुका लागि घोडा सहज छ ।,' उनले भने, 'फोटा खिच्न र घोडा चड्न पर्यटक रुचाउछन् ।' यो समय पर्यटक आउने सिजन भएकोले आम्दानी राम्रै हुने गरेको उनको भनाई छ।

स्वर्गद्धारीमा आउने पर्यटकका लागि सुनारले जस्तै अन्य व्याक्तिहरु यो व्यवसाय गरिरहेका छन । सोहि ठाउँका भिम सुनारले विगत ४ वर्षदेखि घौँडा मार्फत काम गरी घर व्यवहार चलाएका छन । पर्यटकहरुलाई जति आकर्षण गर्न सकियो उति आम्दानि बढ्ने सुनारले बताए । दैनिक यहि पेशा गर्दा काम गर्न सहज हुँदै गएको उनले बताए । 'मुसुक्क हास्दै भने, 'पैसा झार्ने पनि कला चाँहिदो रहेछ । जसले बढि काला जान्यो उसैले बढि पैसा कमाउछ ।' भिम बहादुर र बल बहादुर जस्तै सोहि ठाउँका ११ वर्षका भुवन सुनारले पनि प्रत्येक शनिवार घौँडा डोऱ्यादै स्वर्गद्वारी पुग्छन्। 'अरु बार स्कुल जान्छु' भुवनले भने, 'अरुबेला बुवाले काम गर्नुहुन्छ शनिवार म आउँछु । ' बुवालाई सहयोग पनि हुने काम गरे पछि विद्यालय जाँदा कपी किताव र नास्ताखाने पैसा पनि हुने भएकोले प्रत्येक शनिवार छुट्टीको दिन

बाँकी ४ पेजमा.....

### हाम्रो नजर

## खाल्डा पुर्दै गाडी गुडाउँदै




ढाँडदेखि लिवाङ जाने कच्ची सडकमा बाटो चिफ्लो हुँदै खाल्डा पुर्दै यात्रुहरु ।

*ग्रामीण क्षेत्रमा सबैको माग र विकास भनेको बाटोलाई लिने चलन छ । स्थानीय सबैको चाहना घरै अगाडीबाट गाडी गुडेको हेर्न, देख्न र चढ्न चाहन्छन् । विकासे कार्यालयले पनि स्थानीयको मागको आधारमा विकास निर्माणका कामहरु गर्दै आएका छन् । यी कार्यालयले विकास गरीदिने तर मर्मतमा ध्यान दिने चलन बसेको छैन । स्थानीयले पनि मर्मतको काम वडा कार्यालय तथा गाउँपालिका आफैले गरीदिने हो भन्ने चलन छ। उसले त्यसलाई, यसले उसलाई काम गरीदिनुपर्ने भन्ने गैर जिम्मेवारीका कारण विकास निर्माण सम्पन्न भएपनि समय समयमा मर्मत नहुँदा यस्ता आयोजना अलपत्र हुने गरेका छन् । सडक ट्र्याक खनीसकेपछि स्थानीयलाई गाडी गुडाउनुपर्ने हतार हुन्छ । यातायात व्यवसायीलाई गाडी चलाउनका लागि डेलिकेसन जाने चलन छ। व्यवसायीले पनि गाडी हालिदिन्छन् । तर स्थानीय र सरोकारवाला निकायले मर्मत नगरिदिदा व्यवसायी आफैले खाल्डा पुर्दै गाडी गुडाउनुपर्ने बाध्यता छ यात्रुहरुले पनि समयमै गन्तब्यमा पुग्नका लागि चिफ्लो बाटोमा माटो पर ढुङ्गा हालेर पुर्ने गर्दछन् । लाखौं रुपैयाँ पर्ने गाडी कच्ची सडकमा जवरजस्त गुडाउनुपर्ने व्यवसायीहरुले घाटा व्याहोर्दै आएका छन् । घरै अगाडी गाडी गुडाउने रहर हुने स्थानीयवासीले बाटोमै नाली बनाउने चलन कहिले हट्ला !*

## अल्लोबाट चम्किदै चित्रकली




प्यूठानबाट चितवन सौराहामा अल्लो कपडा बिक्रि गर्दै चित्रकली

*प्यूठानमा अल्लो कपडाको नाम लिने बित्तिकै चित्रकली बुढामगरलाई सबैले सम्झन्छन् । जिल्लाको स्याउलीवाङमा जन्मेर लुङ बाहानेमा लघु उद्यमीको रुपमा व्यवसायी गर्दै आएकी चित्रकली अहिले प्यूठान नगरपालिका बाग्दुलाबाट सेवा दिइरहेकी छिन् । आफ्नो उद्योगबाट उत्पादित अल्लो कपडाका सामग्रि चित्रकलीले उद्योगबाट मात्रै बेच्दिनन् । उनले जिल्ला तथा जिल्ला बाहिर लाग्ने मेला र विभिन्न संघ संस्था तथा कार्यालयले गर्ने औपचारिक कार्यक्रममा स्टल राखेर बिक्रि गर्नका लागि पुगिहाल्छिन्। यसपाली भने चित्रकली बुढामगरका दम्पत्ति चितवन पुगेका छन् ।*

*नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशन स्थल बाहिर वारीदेखि पारीसम्म अल्लो कपडाका लस्करै राखेको अवस्थामा भेटिइन् । प्यूठानीले उनलाई नचिन्ने त कुरै भएन तर त्यहाँ पुग्ने जो कसैले पनि उनको स्टल अवलोकन गरीरहेको अवस्थामा भेटिन्थे। उनको उद्योगबाट उत्पादन भएको अल्लाको टोपी सबैको रोजाइमा परेको देखिन्थ्यो । त्यस्तै जुहारी र कोट पनि सबैले किनिरहेका हुन्थे । अन्य कपडाबाट बनेका सामग्रि भन्दा स्वास्थ्यका लागि अल्लो राम्रो मानिने भएकाले सबैले यिनी सामान खरीद गर्दथे । कपडा बिक्रिबाट नाफा त चित्रकलीलाई हुने नै भयो तर जो कोहिले पनि सोध्दथे तपाई कहाँबाट आउनुभएको ? अल्लोसँगै प्यूठानको नाम जोडिने भएकाले चित्रकली तथा उनका श्रीमान खिम बहादुर अल्लोको नामबाट परिचित बनेका छन् ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## लैङ्गिक हिंसा अन्त्य गर्न सोंच बदलौं

*लैङ्गिक हिंसामुक्त समाजमा जोड गरौं, लैङगिक हिंसा बिरुद्धको १६ दिने अभियान प्यूठान लगायत देशभरै विविध कार्यक्रम संचालन गरि मनाइदैछ । २५ नोभेम्बर देखि १० डिसेम्बर बीचका १६ दिनलाई मानव अधिकारको पैरवी गर्ने दिनका रुपमा मनाउने गरिएको छ । यस वर्षको राष्ट्रियनारा 'घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं' भन्ने नाराका साथ यो अभियान मनाइँदै छ । ल्याटिन अमेरिकी देश डोमिनिकल सिटीमा सन् १९६० मा हत्या गरिएका तीन दिदीबहिनीको सम्झनाको ऐतिहासिक सन्दर्भ जोडिएको यो अभियान समानता, न्याय र मानव अधिकारको पैरवी गर्ने समानतामुलक समाजको चाहाना राख्ने नागरिकले बिशेष अभियानको रुपमा मनाउने गरेको पाइन्छ ।*

*डोमिनिकल सिटीमा तत्कालिन तानाशाही सरकारले राजनितिक कार्यकर्ता तिनजना मीरावाल दिदीबहिनीको हत्या गरेपछि त्यहाँ उठेको आन्दोलनले डोमिनिकलमा गणतन्त्र स्थापना भएको थियो । पछि १९९१ मा महिला मानव अधिकारकर्मिहरुले १५ नोभेम्बरलाई मीरावाल दिदीबहिनीले राजनितिक कार्यकर्ता र त्यसमा पनि महिला भएकाले भोग्नु परेका अतिरिक्त बर्वरतापुर्ण यातना र हत्याको सन्दर्भलाई जोडेर विश्वभर यो दिवस मनाउदै आएको छ । महिला बिरुद्धका हिंसा दिनहुँजसो सार्वजनिक भईरहेका बेला यस्तो अभियानको सार्थकता र आवश्यकता अझै बढेर गएको छ ।*

*अभियान औपचारिकतामा मात्र होइन, महिला बिरुद्ध हुने हिंसाका कारणहरु पहिल्याउन र ती कारण संवोधनका उपाय पहिल्यान केन्द्रित हुनुपर्दछ । यो अभियानको सन्दर्भमा प्यूठानमा केहि स्थानीय तहरुमा केहि औपचारिक कार्यक्रमको आयोजना गरिएको देखिएता पनि खासै प्रभावकारी कार्यक्रम संचालन गरेको अझै देखिएको छैन । महिला बिरुद्धका हिंसा महिलाको मानव अधिकारको हननको प्रमुख सवाल भएकोले अभियानका क्रममा उठेका आवाजहरुलाई सरकाले गम्भिरतापुर्वक लिनुको पर्छ । महिला अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायले प्रभावकारी कार्यक्रम संचालन गर्ने र महिलाका सवालमा उठेको बिषयमा सरकार गम्भिर बन्नुपर्ने अहिलेको आवश्यकता हो । नेपालको राजनितिक इतिहासलाई थोरै हेर्ने हो भने पनि गणतन्त्र स्थापनाका लागि उनीहरुको संघर्षपूर्ण बलिदानी देखियो । राज्य सत्तामा रहेको निरंकुशतन्त्रको अन्त्यका लागि आन्दोलनमा होमिदै गर्दा महिलाहरुले आफ्नो जीवनमा लादिएका तमाम निरंकुशताबाट पनि उन्मुक्ति पाउने सपना देखेका थिए ।*

*तर आजका दिनसम्म पनि दैनिक जसो महिलाह हिंसित भएका छन् । बलात्कृत भएका छन् । हिंसामुक्त बाँच्न पाउने न्यूनतम अधिकार समेत प्राप्त गर्ने सहज बातावरण बन्न सकेको छैन । बर्बरतापुर्ण कहाली लाग्दा घटना आज पनि दिनँहु हुने गरेका छन् । यस्ता घटनाको बिषयमा सरकारले सत्य तथ्य छानविन गरेर दोषीलाई कार्वाहि गर्नुको सट्टा यस्ता सवालमा असंवेदनशील र गैर जिम्मेवार भएको देखिन्छ । स्थानीय तहमा गठन हुने न्याय समितिले खासै काम नगर्ने र सरकारले पनि यस्ता घटनालाई नियन्त्रण गर्न प्रभावकारी संयन्त्र बनाउन नसक्दा न्याय हराएको जस्तो महसुस नागरिकले गर्नु स्वभाविक छ । अभियान चलिरहँदा दिर्घकालिन रुपमा यस्ता घटना नियन्त्रण गर्न राज्यले दिगो योजना बनाउनुपर्दछ । स्थानीय तहमा उपमेयर तथा उपाध्यक्षको नेतृत्वमा रहने न्यायिक समितिले पनि गम्भिरता पुर्वक यस्ता घटनालाई लिएर प्रभावकारी काम गर्न आवश्यक छ । सबैले हिसांमुक्त समाजको लागि आ-आफ्नो ठाउँबाट प्रभावकारी काम गरौं ।*

# १८ वर्ष माथिका सबै प्यूठानीलाई खोप दिन्छौं : खड्का

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको प्रत्यक्ष प्रभावबाट नेपाल पनि अछुतो रहन सकेन । अहिले सम्म प्यूठानमा कोभिड १९ का कारण ८९ जनाको मृत्यु , ३ हजार ९ सय ५१ जना संक्रमित र हाल ५ जना संक्रिय संक्रमित रहेका छन् । कोभिड १९ का कारण प्युठानको आर्थिक, सामाजिक, राजनैतिक लगाएत हरेक क्षेत्र प्रभावित बन्यो । यसको रोकथाम तथा नियन्त्रण र नागरिकको स्वास्थ्य रक्षाका लागि सरकारले विभिन्न चरणमा स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखेर गतिविधि संचालन गर्‍यो । कोरोना भाइरस विरुद्धको विभिन्न खोपहरु बनेपछि खोप अभियान संचालन गरि कोभिड १९ नियन्त्रणको अभियानमा यतिबेला सरकार जुटिरहेको छ । यसको प्रभावकारीता पनि देखिएको छ । यहि मंसीर ९ गते देखि १५ गते सम्म प्युठानमा १८ बर्ष भन्दा माथिका सबै नागरिकलाई खोप पुर्‍याउने सरकारको लक्ष्य अनुसार अभियान संचालन हुँदैछ । यसै सन्दर्भमा सहकर्मी दीपा पौडेलले स्वास्थ्य कार्यालय प्युठानका प्रमुख मधुसुदन खड्का संग गरेको कुराकानीको सार संक्षेप :


मधुसुदन खड्का

**१) कोरोना महामारीको समयमा स्वास्थ्य कार्यालय प्युठानले आफ्ना गतिविधिहरु कसरी संचालन गरिरहेको छ ?**

-धन्यवाद , कोरोना संक्रमणको उच्च जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य संवेदनशिलतालाई ख्याल गरि निर्धारित कार्यक्रम अनुसार नै कार्यक्रमहरु संचालन गरेका छौं। स्वास्थ्य कार्यालय प्युठानले गर्ने नियमित गतिविधिहरु चलिर रखेका छन् । अहिलेको सन्दर्भमा खोप अभियानलाई प्रभावकारी बनाउनको लागि यहि अभियानमा केन्द्रित छौं । खोप अभियानलाई सफल र प्रभावकारी बनाउन अरु कार्यक्रम स्थगित गरि खोप अभियानमा सबै साथीहरु जुटेका छौं ।

**२) यस भन्दा अगाडि थोरै मात्रामा खोप लगाउनुभयो । अहिले सबै प्युठानीलाई पुग्छ ?**

-सहि कुरा गर्नुभयो दीपा जी । खास गरि सरकारले १८ बर्ष भन्दा माथिका नागरि कलाई लगाउने भनेर प्राथमिकता तोकेर सिमित मात्रमा खोप पठायो । सुरुमा त स्वास्थ्यकर्मीहरुले समेत लगाउन अप्ठारो मान्नुभएको थियो। खोपको प्रभावकार िता देखिएपछि यसको माग निकै भयो । विभिन्न मुलुकको सहयोगमा खोप आउने भएकोले जिल्लामा पनि सिमित खोप आउने गर्‍थ्यो । प्राथमिकताका आधारमा हामीले खोप दिएका थियौं। यसपटक अघिल्ला सबै अभियानमा छुटेका तथा खोपको पुरा मात्रा नलगाएका १८ बर्ष भन्दा माथिका सबै नागरिकलाई खोप लगाउँछौं । त्यसको लागि १ लाख डोज खोप हामी संग छ ।

**३) विभिन्न समयमा विभिन्न नामका खोपहरु आए । यस पटक कुन कुन खोप लगाउँदै हुनुहुन्छ ?**

-निकै महत्वपुर्ण प्रश्न गर्नुभयो। पहिले हामीले कोभिसिल्ड, भेरोसिल, जोनसन एण्ड जोनसन र एस्ट्राजेनिका नामका खोप लगाएका थियौं । यस पटक एस्ट्राजेनिका खोपको पहिलो मात्रा , एस्ट्राजेनिका र भेरोसिल खोपको दोश्रो मात्रा लगाउन छुटेकाहरुलाई खोप दिदैछौं ।

**४) १ लाख डोज खोप आएको छ भन्नुभयो पहिलेको भन्दा ब्यवस्थापनमा गाह्रो भएको होला त ? कसरी ब्यवस्थापन गरेर लगाउँदै हुनुहुन्छ ?**

-पहिले खोप नपाएर गुनासो आउने गरेको सत्य कुरा हो । हामीले सिमित खोपलाई र ाज्यले तोकेका लक्षित वर्गलाई लगाउनुपर्ने अवस्था थियो । अहिले पर्याप्त मात्रामा खोप आएको छ । अब १८ वर्ष माथिका सबै प्युठानीलाई खोप पुग्छ । यो निकै राम्रो कुरा हो । अहिलेको अभियानलाई प्रभावकारी बनाउन मैले पहिले पनि भने अन्य गतिविधिहरुलाई स्थगित गरेर सबै जनशक्ति जुटेका छौं ।

हामीले यस पटक करिव १ जनालाई जिल्लाका २ सय ७० वटा खोपकेन्द्रबाट खोप प्रदान गरिनेछ । सबै खोप केन्द्रमा सुर क्षित रुपमा खोप पुगेका छन् । यसका लागि हामीले एउटा केन्द्रमा कम्तिमा एक जना स्वास्थ्यकर्मी र २ जना स्वयंमसेविकाको ब्यवस्था गरेका छौ । स्थानिय निकायका सबै स्वास्थ्य शाखा प्रमुखहरु लगाएत स्वास्थ्यकर्मीहरु तयारी अवस्थामा हुनुहुन्छ । ब्यवस्थापनको काम सबै सकिएको छ । ढुक्कले गएर आफुलाई पाएक पर्ने ठाउँमा खोप लगाउन सक्नुहुनेछ ।

**५) पहिले गर्भवति महिलालाई खोप नदिने भन्ने थियो । अहिले दिन सकिन्छ भन्ने आएको छ । कस्तो कस्तो अवस्थामा दिन सकिने हो ?**

-एकदमै राम्रो प्रश्न गर्नुभयो, पहिले गर्भवतिलाई नदिने भन्ने नै निर्देशन हामीलाई थियो । अहिले पनि नदिने नै भन्ने छ । तर बिशेष अवस्थामा कोभिड १९ को उच्च जोखिमामा पर्ने अवस्था भएमा र गर्भवति अबस्थामा जटिलता भएका जस्तै ३५ बर्ष माथिका गर्भवति महिला, अत्यधिक तौल भएका, मधुमेह, उच्च रक्तचाप जस्ता विभिन्न दिर्घरोग भएका छन् भने उनीहरुलाई विशेष निगरानीमा लगाउन सकिने भन्ने छ । हामीले यसै अनुसार तयारी गरेका छौं ।

**६) खोप अभियान सम्पन्न गर्न अन्य सरोकारवालाहरुको भूमिका आवश्यक पर्छ कि पर्दैन ?**

-सबैको सहयोग अपरिहार्य छ । स्थानिय तहका जनप्रतिनिधिहरु, राजनितिक दल, पत्रकार लगाएत यो अभियानको बिषयमा जानकार भएका सबैले यो हाम्रै अभियान हो भनि यसलाई सफल बनाउन लागि पर्नुपर्दछ । जनप्रतिनिधि, कर्मचारी सरोकारवाला पक्षसंग हामीले छलफल पनि गरिसकेका छौं । सबैको सहयोगले मात्र यो सफल हुने हो । त्यसकारण आ आफ्नो ठाउँबाट सबै लागौं । यो १८ बर्ष माथिका नागरिकका लागि अन्तिम अभियान पनि हो । अब १८ बर्ष भन्दा माथिका नागरिकका लागि अभियान संचालन नहुन सक्छ । त्यसैले सबैले आफुलाई पायक पर्ने खोपकेन्द्रबाट खोप लगाउनबाट नछुटौं। यो अभियानलाई सफल बनाउन आ आफ्नो ठाउँबाट सबै लाग्न अनुरोध गर्दछु ।

**७) समय दिनुभएकोमा धन्यवाद ।**

-हजुरलाई पनि धन्यवाद ।


## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मूल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
माण्डवी गाउँपालिका, जस्पुर प्युठान

# सारीवाङ्गमा अब राख्न पर्दैन फड्के

**सुजाता थापा क्षेत्री**
**भुलेनी नेटवर्क, प्यूठान**

प्यूठान नगरपालिका ४, १० र मल्लरानी ४ सारीबाङ जोड्ने पुल निर्माण भएपछि स्थानीयलाई राहत मिलेको छ । स्थानीयको वर्षौ देखिको मागपछि यहाँ २ सय ५९ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको हो ।

पुल निर्माण गर्न पहल समिति नै गठनगरि १२ वर्ष देखि केन्द्रसम्म पुल निर्माणको माग गर्दै आएको प्यूठान नगरपालिका-१० सारिबाङ्गका हेमराज पराजुलीले बताए । झोलुङ्गे पुल निर्माण समितिका अध्यक्ष समेत रहेका पराजुलीले वर्षौ अलपत्र परेको पुल निर्माण यस वर्ष सकिएको बताए । यहाँ झोलुङ्गे पुल नहुँदा अस्पताल, क्याम्पस, वर्षायामको समयमा झिमरुक फाँटमा खेतमा पानी लगाउन स्थानीयलाई धैरै समस्या थियो । पुल निर्माणपछि खेतिपातीको लागि र बजार, अस्पताल पुग्न सहज भएको स्थानीय मानबहादुर केसीले बताए ।

पहिले प्रत्येक वर्ष वर्षायाम पछि प्यूठान नगरपलीका.-१०, सारिबाङ्ग र मल्लरानी गाउँपालिका.-४ सारिबाङ्गका स्थानीयहरुले काठ काटेर झिमरुक खोलामा फड्के पुल बनाउँदै आइरहेका थिए । यस वर्ष स्थानीयलाई फड्के बनाउन परेन । बाग्दुलाको पुल वा कार्कीडाँडाको पुलको बाटो जोखिम मोलेर खोलापारी जान पर्ने समस्या हिजोआज हल भएको स्थानीय करन शाहले बताए ।


प्यूठान न.पा. ४, १० र मल्लरानी गा.पा. ४ सारीबाङमा निर्मित झोलुङ्गे पुल

पहिले कयौं बालबालिका लगायत धान पराल जस्ता काम गर्दा हावाको वेगका कारण उडाएर खोलामा खस्ने गरेको पीडा शाहले पोखे । आँखा भरि आँसु लिँदै लक्ष्मी देवी नेपाली भन्छिन,' पुल नभएकै कारण मेरो श्रीमान् खोला तर्न खोज्दा बगाएर बित्नु भएको थियो,'स्थानीय लक्ष्मी देवी नेपालीले भनिन,'अव खोलाले हामीलाइ दुःख दिनैन ।' २०६२ साल साउनको २२ गते यही ठाउबाट श्रीमान धन बहादुरलाई झिमरुक खोलाले बगाएको उनले बताइन् । पहिले अनेकौं विपत्ति खेप्नु परेपनि अहिले झोलुङ्गे पुल बनेपछि सारिबाङ्गका स्थानीय खुशी छन् । पुल संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग कार्यक्रम अन्तर्गत सस्पेन्सन बृज डिभिजनको सहयोगमा निर्माण गरिएको हो । पुलको भारवहन क्षमता ९३ मेट्रिक टन रहेको छ । निलगिरी निर्माण सेवा प्रालिले भ्याट सहित २ करोड २० लाख ३५ हजारमा ठेक्का पारेर पुल निर्माणको जिम्मा लिएको थियो ।

# पौरखी वडा अध्यक्ष जसले उत्पादन गरे अर्गानिक ब्रोकाउली

**नन्दराम खड्का/नवराज राना**
**भुलेनी पोष्ट**

स्थानीय तहको निर्वाचनपछि कतिपय जनप्रतिनिधिहरु सेवा भन्दा जितको घमण्ड भएको देखिन्छ । सरकारी सवारी देखि उनीहरुको खानपान, रहनसहन र जिवनशैलीमा परिवर्तन गरेको देखिन्छ । रुन्टीगाढी गाउँपालिका वडा नम्बर ७ का वडा अध्यक्ष जंगबहादुर घर्तीको सादा जीवन भने पहिले जस्तै अहिलेसम्म कायमै छ । उनि घरबाट बिहान दैनिक दुई घण्टा पैदल हिडेर वडा कार्यालय जान्छन् । साँझ दुई घण्टा पैदल हिडेरै घर फर्कन्छन् । सेवाग्राहीसंग हाँसेर नम्र बोल्ने र कार्य सम्पादन सरल स्वभाव भएकाले उनलाई सेवाग्राहीले मन पराउँछन् । भद्र, सालिन र सरल स्वाभावका वडाध्यक्ष घर्ती कुनै पनि कार्यक्रमहरुमा अरुलाई घोचेर बोल्दैनन् । उनी काम गरेरै जनताका मन जित्ने उदाहरणीय व्यक्तिव हुन् । तत्कालीन १० वर्षे द्वन्द्वको समय देखि विभिन्न आन्दोलनमा महत्वपुर्ण योगदान दिएका अध्यक्ष घर्तीले आफू निर्वाचित भए यता सरकारी सवारी प्रयोग गर्दैनन् । सरकारी


रोल्पा रुन्टीगढी गा.पा. वडा नम्वर ७ का अध्यक्ष जंगबहादुर घर्तीको तरकारी खेती

साधन र इन्धन खरिदको लागि आएको कोषबाट उनले गैरा गाउँमा सार्वजनिक शौचालय निर्माण गरेर जनताको मन जित्न सफल भएका छन् ।

उनले सेवा मात्रै होइन घरमा कृषि कर्ममा पौरख गरीरहेका छन् । अध्यक्ष घर्तीले ७/८ रोपनी जग्गामा अर्गानिक ब्रोकाउली खेती गरेका छन् । दिउँसो सेवाग्राहीहरुको सेवा बाहेक घर्तिले घरमै तरकारी खेती गेरर मनग्य आम्दानी लिइरहेका छन् । कृषी कर्मबाट समाज आत्मनिर्भर हुनसक्ने भएकाले आफूले गाउँलेलाई भनेर मात्र हुदैन आफैले पनि गरेर देखाउनुपने भएकाले तरकारी खेती गर्दै आएको उनले बताए ।

आफूलाई दिनभरी कार्यालयमा जनताहरुको सेवा गर्नुमा जति आनन्द आउँछ त्यति घरमा आएर कृषि कर्म गर्दा उत्तिनै आनन्द आउने अध्यक्ष घर्तीको भनाई छ । आफू जनप्रतिनिधि भएर ठूलो मान्छे बन्नु भन्दा सर्वसाधारण जनताको सेवक रहेको उनको भनाई छ ।

# प्रेस सेन्टर लुम्बिनीमा मानसिंहको नेतृत्वमा सर्वसम्मत

भुलेनी पोष्ट/प्यूठान । प्रेस सेन्टर नेपाल लुम्बिनी प्रदेशको दोस्रो अधिवेशनले अध्यक्षमा मानसिंह विश्वकर्मालाई दोहोऱ्याउँदै सर्वसम्मत कार्यसमिति चयन गरेको छ । लुम्बिनी प्रदेशको स्थायी राजधानी दाङको भालुवाङमा बिहिवार सम्पन्न अधिवेशनले विश्वकर्माको अध्यक्षमा ४१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो । अधिवेशनले वरिष्ठ उपाध्यक्षमा रुद्रहरि कुँवर, खुला उपाध्यक्षमा प्रदीप वाग्ले, समावेशी उपाध्यक्षमा प्रकाश चौधरी, प्रमुख सचिवमा भुपेन्द्र ओली, खुला सचिवमा टीकाराम पोखेल, दिवाकर पोखेल, गणेश पाण्डे, मधेशी सचिवमा आलम खान, महिला सचिवमा भावना सुवेदी, जनजाति सचिवमा गजेन्द्र गुरुङ, दलित सचिवमा चिन्ताबहादुर दर्जी, कोषाध्यक्षमा मनिष कार्की, लेखा समिती संयोजकमा शीतल थापा र अनुशासन समिति सदस्यमा माया केसीलाई निर्वाचित गरेको छ । अधिवेशनका अवसरमा लुम्बीनी प्रदेशका संस्थापक गोबिन्द आचार्य, मौसम रोका, अजयदिप शर्मा र चेतलाल कवरंलाई पनि सम्मान गरिएको थियो । अधिवेशनमा उपस्थित लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुल प्रसाद केसी सोनामले अधिवेशनको सफलताको शुभकामना दिएका थिए । अधिवेशनको उद्घाटन नेकपा माओवादी केन्द्रका प्रचार विभाग प्रमुख एवं प्रवक्ता कृष्ण बहादुर महराले गरेका हुन । कार्यक्रम सम्बोधन गर्दै प्रवक्ता महराले मुलुकको राष्ट्रिय स्वाधिनता खतरामा रहेको बताए ।

# छोटकरी

## सिप विकास प्रतिष्ठानको लागि मन्त्री सहितको टोली स्थलगत अवलोकनमा


खलंगा बुढाचौरमा प्रदेश मन्त्रि सहितको टोलीद्वारा स्थलगत अवलोकन ।

**सुजाता थापा क्षेत्री**
**भुलेनी पोष्ट, प्यूठान**

सिप विकास प्रतिष्ठान सञ्चालनको लागि आईतबार मल्लरानी गाउँपालिका बुढाचौर तथा खैराकोटमा आर्थिक मामिला तथा सहकारी मन्त्री कृष्णध्वज खड्का सहितको टोलीले स्थलगत अवलोकन गरेका छन । प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९को बजेटमा सिप विकास प्रतिष्ठान सञ्चालनको लागि स्वीकृत गरे को छ ।

उक्त प्रयोजनका लागि प्रदेश सरकारले २ करोड बजेट विनियोजन गरे को मन्त्री खड्काले बताए । सोही विषय सम्बन्धी आईतबार जिल्ला समन्वय समिति प्यूठानको सभाहलमा बसेको बैठकमा बो ल्दै आवश्यक बजेट थप गर्नु परेमा मन्त्री खड्काले सहजीकरण गर्ने बताए । यस कार्यक्रमले खलंगाको मात्र विकास नभई समग्र प्यूठानको विकासको लागि महत्वपुर्ण भुमिका खेल्ने मन्त्री खड्काले बताए । बैठकको आयोजना जिल्ला प्रशासन कार्यालय प्यूठानले गरेको हो ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी खिमराज भुषालले लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये प्यूठान जिल्ला सबैको पायक पर्ने भएको र हावा पानी स मेत मिलेको वातावरण भएकोले यहाँ प्रतिष्ठान स्थापनाका लागि छनौटमा परेको बताए । मल्लरानी गाउँपालिकाले जग्गा प्राप्तीका लागि सहजीकरण गर्ने र समग्र प्यूठान जिल्लाको विकास जोडिएका कारण सहयोग गर्ने जिल्ला समन्वयका प्रमुख केशवराज आचार्यले बताएका छन । पछिल्लो समय युवाहरु सिपविहिन र बेरोजगार भएकोले यस कार्यक्रमबाट युवाहरुले लाभ लिने कार्यक्रमका सहभागीहरुको भनाई थियो । प्रतिष्ठानले यस्ता युवाहरुलाई सिपमुलक तालिम दिई दक्ष जनशक्ति निर्माण गर्न महत्वपुर्ण योगदान पुग्ने उनीहरुको भनाई थियो ।

सिप बिना बैदेशिक रोजगारीमा जाँदा समस्यामा परीने भएकाले यो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने सबैको माग थियो । सहभागीहरुले सिप भए स्वदेशमै पनि स्वरोजग बन्न सकिने भएकाले प्यूठानबाट मन्त्री पाएको हुँदा जतिजसक्दो चाँडो कार्यान्वयनमा ल्याउन आग्रह थियो । कार्यक्रम कार्यान्वयनका लागि जग्गा प्राप्ती देखि आवास व्यवस्थापनसम्म स्थानीयवासीहरुले सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

स्थलगत अवलोकनमा मन्त्री खड्का, मल्लरानी गाउँपालिका अध्यक्ष अमरध्वज राना, प्रमुख जिल्ला अधिकारी खिमराज भुसाल, जिल्ला समन्वय समितिका प्रमुख केशवराज आचार्य, प्यूठान नगरपालिका नगरप्रमुख अर्जुन कुमार कक्षपति, प्रहरी नायव उपरिक्षक सत्यनारायण थापा, शसस्त्र प्रहरी नायव उपरिक्षक यज्ञ बस्नेत लगायतको टोलीले स्थलगत भ्रमण गरेका हुन् ।

# मतदाता नामावली सम्बन्धी अन्तरक्रिया

*भुलेनी पोष्ट/प्यूठान ।*

जिल्ला निर्वाचन कार्यालय प्यूठानले मतदाता नामावली संकलन सम्बन्धी सोमवार पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । शुक्रवारदेखि जिल्लाका स्थानीय तहमा २ चरणमा मतदाता नामावली संकलन गरीने कार्यालय प्रमुख राजन श्रीवास्तवले जानकारी दिए । उनका अनुसार स्वर्गद्वारी नगरपालिका, सरुमारानी गाउँपालिका, गौमुखी गाउपालिका र झिमरुक गाउँपालिकामा शुक्रवारदेखि १० दिन गाउँपालिकामा गएर नामावली संकलन गरीनेछ । त्यसैगरी दोस्रो चरणमा मंसीर २९ गतेदेखि माण्डवी गाउँपालिका, ऐरावती गाउँपालिका, नौबहिनी गाउँपालिका र प्यूठान नगरपालिकामा दोस्रो चरणमा नामावली संकलन गरीने अन्तरक्रिया कार्यक्रममा जानकारी गराएको छ । मल्लरानी गाउँपालिकामा भने जिल्ला निर्वाचन कार्यालय तथा समदर मुकाम भएकाले कार्यालयबाटै नामावली संकलन गरीने भएको छ । गाउँपालिका स्तरमा नामावली संकलनका लागि निर्वाचन कार्यालयबाट १ जना अपरेटर र गाउँपालिकाबाट ३ जना सहयोगी खटाइने भएको छ । अहिले नागरिकता लिएर बसेका तर मतदाता नामावलीमा नाम छुटेहरुको मात्र संकलन गरीने कार्यालय प्रमुख श्रीवास्तवले जानकारी दिए । मतदाता नामावली संशोधन र ठाउँसारी गर्नुपर्ने भएमा जिल्ला निर्वाचन कार्यालयमै आवश्यक कागजात लगेर जानुपर्नेछ । नेपालभर नामावली संकलन गर्ने कार्य भइरहेको पढाई र रोजगारको शिलशिलामा जिल्ला बाहिर रहेकाहरुले पनि आफू बस्ने जिल्ला कार्यालयमै गएर नामावली भर्न सक्ने व्यवस्था भएको कार्यालयले जनाएको छ ।

# कोरोना प्रभावले २० वर्ष पछाडि धकेलियो क्षयरोग कार्यक्रम

## क्षयरोग अन्त्यको लक्ष्य हासिल गर्न चुनौती नै चुनौती !



राजेश कुमार यादव

क्षयरोग र कोरोना दुवै सरुवा रोगहरु भएको हुँदा एक संक्रमित व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्न सक्छन् । कोरोना महामारीले गर्दा क्षयरोग विश्वमा एउटा प्रमुख जनस्वास्थ्य समस्याको रुपलिँदै चुनौतिपुर्ण परिस्थिति सिर्जना गरको छ।

**क्षयरोगको वर्तमान अवस्था**

नेपालमा कुल जनसंख्याको ४५ प्रतिशत व्यक्तिहरु क्षयरोगबाट संक्रमित भएको अनुमान गरिएको छ । "राष्ट्रिय क्षयरोग प्रिभेलेन्स सर्भे-२०१९" को प्रतिवेदन अनुसार नेपालमा क्षयरोगीको संख्या ६९ हजार देखिन्छ। नेपालमा प्रति एक लाख जनसंख्यामा ४१६ क्षयरोगका बिरामीहरु छन्। आर्थिक वर्ष २०७६/७७ मा कुल २७ हजार ७४५ क्षयरोगका बिरामीहरु उपचारमा थिए। नेपालमा प्रत्येक दिन ४७ जनाको क्षयरोगबाट मुत्यु हुने गरेको अनुमान गरिएको छ।

**कोरोनाको वर्तमान अवस्था**

नेपालमा पहिलो कोरोना पोजेटिभको केस मिति २०७६ माघ १० गते पहिचान भएको थियो भने मिति हिजो बिहीबारसम्म कोरोना संक्रमितहरुको संख्या ८ लाख २० हजार २८५ पुगेको छ जसमध्ये ११ हजार५१६ जनाको मुत्यु भइसकेको छ। नेपालमा औषधि प्रतिरोध क्षयरोगका ४० प्रतिशत बिरामीमा कोरोना भाइरसको संक्रमण देखिएको छ।

**क्षयरोग कार्यक्रममा कोरोनाको प्रभाव**

**-क्षयरोगी बिरामीको संख्या**: नेपलमा स्वास्थ्यको कार्यक्रमहरु मध्य सबैभन्दा बढी क्षयरोग कार्यक्रममा प्रभाव परेको देखिन्छ। राष्ट्रिय क्षयरोग केन्द्रको आव २०७५/७६ को वार्षिक प्रतिवेदन अनुसार ३२,०४३ क्षयरोगी बिरामीको संख्या थियो भने आव २०७६/७७ मा २७,७४५ मात्र क्षयरोगीको संख्या पत्ता लागेको थियो र तुलनातमक रुपले यो संख्या हेर्दा २० वर्ष भन्दाकै कम क्षयरोगी बिरामी पत्ता लागेको अवस्था हो। स्वास्थ्य सेवा विभागको वार्षिक स्वास्थ्य प्रतिवेदन आव २०५७/५८ अनुसार ३०,२७५ क्षयरोगका बिरामीहरुलाई औषधिको दयरा भित्र ल्याउन सफल भएको थियो।

**-क्षयरोग पत्ता लगाउने दर ( केस नोटिफिकेसन दर )**: राष्ट्रिय क्षयरोग प्रिभेलेन्स सर्भे-२०१९ अनुसार प्रति एक लाखमा २४५ पत्ता लगाउनु पर्ने तर कोभिड महामारीले त्यो लक्ष्य हासिल गर्न ठूलो चुनौती नै थपेको छ। राष्ट्रिय क्षयरोग केन्द्रको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन अनुसार प्रति एक लाख जनसंख्यामा १०९ क्षयरोका बिरामी पत्ता लागेको थियो भने आर्थिक वर्ष २०७६/७७ मा एक लाख जनसंख्यामा ९३ क्षयरोका बिरामी पत्ता लागेको छ।

**-क्षयरोगको उपचार सफलता दर**: कोरोना महामारीले नेपालमा पनि लामो समय लकडाउन लागेको थियो जुन क्षयरोग बिरामीको उपचार सफलता दरमा पनि प्रभाव पारेको देखिन्छ । लकडउनले गर्दा कति स्वास्थ्य संस्थामा समयमै औषधि आपूर्ति नहुनु र क्षयरोगी बिरामी पनि डट्स केन्द्रसम्म पुग्न नसक्नाले क्षयरोगको उपचार सफलता दर घटेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ मा ९०.८४ प्रतिशत थियो भने २०७६/७७ मा ८९.४३ प्रतिशतमा आइपुगेको छ।

**क्षयरोग अन्त्यको लक्ष्य समयमै हासिल गर्न चुनौती नै चुनौती**

विश्व स्वास्थ्य संगठनले क्षयरोग अन्त्यको रणनीति सन २०१६ देखी २०३५ सम्म लिएको छ। क्षयरोग अन्त्यको रणनीतिले मुख्यगरी तीनवटा लक्ष्य लिएको छ। पहिलो लक्ष्यः सन २०१५ को तुलनामा क्षयरोगबाट हुने मुत्यु दर ९५ प्रतिशतले कम गर्ने तर हाल पनि नेपालमा प्रति दिन ४७ जनाको मुत्यु हुने अनुमान गरेको छ । दोस्रो लक्ष्यः क्षयरोगका नयाँ बिरामी हुने दर ९० प्रतिशतले घटाउने तर नेपालमा नयाँ क्षयरोगी बिरामी पत्ता लगाउने संख्यानै कम भएको हुनाले नेपालमा अहिले कम्तिमा ६९ हजार क्षयरोगी बिरामी पत्ता लगाउनु पर्ने देखिन्छ।

तेस्रो लक्ष्यः क्षयरोगका कारणले परिवारमा पर्ने खर्च भार शून्य पार्ने लक्ष्य राखेको छ तर नेपालमा क्षयरोगका कारणले परिवारमा पर्ने खर्च भार शून्य पार्ने कुनै तथ्याङ्क नै देखिँदैन । त्यसकारण यस लक्ष्यको पहिलो प्रारम्भिक तथ्याङ्क संक्लन गर्नुनै आफैंमा नेपालको लागी ठूलो चुनौतीनै देखिन्छ। विश्व स्वास्थ्य संगठनले क्षयरोग अन्त्यको लक्ष्य हासिल गर्न कोभिड महामारीले गर्दा नेपालमा क्षयरोग अन्त्यको लक्ष्य प्राप्त गर्न कागजमा मात्र सीमित हुने सम्भावना देखिन्छ।

**कोभिड महामारीले गर्दा प्रभाव परेका क्षयरोग कार्यक्रमलाई हाँसिल गर्ने उपायहरू**

- क्षयरोगको नयाँ उपचार पद्धति, रेजिमेनबारे स्वास्थ्यकर्मीलाई तालिम, अभिमुखिकरण कार्यक्रम, अनसाइट कोचिङद्वारा जानकारी गराउने।

-नेपालमा संघीयतामा आइसकेपछि स्वास्थ्य क्षेत्रमा प्रत्येक स्थानीय तहमा नयाँ स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी भएको हुनाले नयाँ स्वास्थ्यकर्मीलाई आधारभूत टिबी मोडुलर तालिमको संख्यालाई जिल्लामा बढाउने र छिटोभन्दा छिटो स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्ने।

-क्षयरोग कार्यक्रमको तथ्याङ्कको सहि अभिलेख गर्ने र सहि प्रतिवेदन राष्ट्रिय क्षयरोग केन्द्रको सुचना प्रणालिमा प्रस्तुत गर्ने। समय समयमा स्थानीय तह, प्रदेश तह र संघमा तथ्याङ्कको (अभिलेख तथा प्रतिवेदन) गुण्स्तरीय माथि पर्याप्त समय दिई सहि विश्लेषण गर्ने।

-सक्रिय क्षयरोगी बिरामी पत्ता लगाउने कार्यक्रमलाई देशको ७७ जिल्लमा लागू गर्ने र लुकेको क्षयरोगी बिरामीहरु पत्ता लगाउने।

-कार्यक्रम र रणनीतिहरुलाई स्थानीय तह, प्रदेश तह र संघमा समय, भुगोल अनुकुल अनुसार परिमार्जन गर्ने र क्षयरोग अन्त्यको लक्ष्यलाई हासिल गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय क्षयरोग कार्यक्रमलाई पर्याप्त अनुदान दिनु पर्ने।

-निजी स्वास्थ्य संस्थालाई क्षयरोग कार्यक्रममा जोड्ने र सहि क्षयरोगी बिरामीहरुको अभिलेख तथा प्रतिवेदन राष्ट्रिय क्षयरोग कार्यक्रममा ल्याउनु पर्ने।

-क्षयरोग जाँच गर्ने प्रयोशालामा केमिकल, जिन एकसपर्ट केन्द्रहरुमा आवश्यक सामाग्रीहरु तथा काटिज, आवश्यक रजिस्टर र औषधि समयमै आपूर्ति गर्ने।

-क्षयरोग कार्यक्रम हेर्ने प्रदेश तहमा, जिल्लामा र प्रत्येक स्थानीय तहमा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।

-अनुसन्धानमा आधारित कार्यक्रमलाई समुदाय स्तरमा लागू गर्ने र नयाँ क्षयरोग पत्ता लगाउने उपकरणद्वारा शंकास्पद क्षयरोगका बिरामीलाई छिटो भन्दा छिटो क्षयरोगको निदान गर्ने।

-सरकारी, गैरसरकारी तथा निजी संस्थाहरुबीच प्रभावकारी समन्वय कायम गरी देखापरेका समस्या समधान गर्ने।

कोभिडको कारणले क्षयरोग कार्यक्रममा परेको प्रभावलाई हासिल गर्न नयाँ अनुसन्धानमा अधारित कार्यक्रमलाई राष्ट्रिय क्षयरोग केन्द्रले आत्मासाथ गर्न, आर्थिक सहयोग नजुटाएमा र दक्ष स्वास्थ्यकर्मीका व्यवस्था हुन सकेको खण्डमा विश्व स्वास्थ्य संगठनको क्षयरोगमुक्त विश्व बनाउने परिकल्पना अनि राष्ट्रिय क्षयरोग केन्द्रले लिएको आवधिक लक्ष्य पूरा गर्न सम्भावना देखिन्छ नभए कागजमा मात्र सीमित हुने सम्भावना देखिन्छ।

(यादव जनस्वास्थ्यकर्मी हुन)

---

जहाँ लोकतन्त्रको .......

को छ । निर्वाचनमा गएपछि जित हार स्वाभाविक हो । बीजेतालाई उपबिजेताले सबै भन्दा पहिले अबीरमाला लगाइदिन सक्नुपर्छ। त्यसपछि बाँकी दिनहरुमा बिजेताले उपबिजेतालाई संगसंगै हिँडालेर खुशी प्रदान गर्न सक्नुपर्छ।

त्यसो गर्नसके मात्र लोकतन्त्रको ब्यूटि सधैं कायम रहन्छ । प्यूठानको स्वर्गद्धारी क्याम्पसहलमा मत गणणाको क्रममा जुन घटना घट्यो यसले पार्टीमा नेतृन्व आफूहरुले जसरी पनि हत्याउनुपर्छ भन्ने लुकेको थियो भन्ने कुरा फाँटेको जालोले छेकेपनि छर्लगैं देखिएको छ। मत गणणा स्थलको अवलोकन गर्दा सहजै भन्न सकिन्छ यहाँ तमाशा नै भएको रहेछ भनेर। निर्वाचनको अघिल्लो दिन एउटै पार्टीका भिन्दा भिन्दै ऱ्याली थिए।

तामझाम हेर्दा केहि तमासा हुन्छ भन्ने आकलन गर्न सकिन्थ्यो। एउटै पार्टी भित्रको प्रचारशैलि पनि सुहाउँदा थिएनन् । एउटै पार्टीको दुई समुहको प्रचार शैली संगठन बाहिर गरेभन्दा बढि थियो। कहिले पालो कसको कहिले पालो कसको ? कोही पनि एउटै पार्टीको झण्डामा बसेको जसरी इमान्दार थिएनन् । जुन सत्य हो र त्यो सत्य नेपाली कांग्रेस प्यूठानका कार्यकर्ताले नियालिरहेका थिए। चियाँ पसलको गफमा झल्किन्थ्यो यो कुरा।

नेपाली कांग्रेसको जिल्ला नेतृत्व चयन गर्न प्रतिनिधिहरुलाई वडा-वडाबाट क्रियाशिल सदस्यहरुले छानी-छानी दुःख गरि चुनेर पठाएका थिए । लाजमर्नु पार्टीको संक्षम नेतृत्व चयन गर्न छाडेर केहि प्रतिनिधिहरु पाखुरा तेर्स्याउनमा नै व्यस्त भए । क्याम्पसमा मंगलबार राती के भयो त्यो आम प्यूठानी जनताले देखेकै छन्। नेपाली कांग्रेसका इमान्दार कार्यकर्ताले पनि देखे होलान्। बुधबार बिहानसम्म क्याम्पस परिसरमा बाँकी रहेका धेरै घिनलाग्दा दृश्यहरु साक्षी थिए । यहाँ गोली चलेको थियो। यो क्रममा ९ जना घाइते हुन पुगे। पवित्र शिक्षण संस्थामा भएको तोडफोडले धेरै क्षति भएको छ । क्याप्पस प्रशासनले क्षतिपुर्तको माग समेत गरेर बिज्ञप्ति निकालेको छ, साथै जिल्लामा क्रियाशिल ४ विद्यार्थी संगठनले क्याम्पसमा भएको क्षतिको क्षतिपूर्तिको माग गर्दै दोषिलाई कार्वाहिको माग गरेको छ । यो घटनामा सुरक्षामा खटेका प्रहरी निरीह भए । घाइते हुन पुगे । आफूलाई लोकतन्त्रको पहरेदार ठान्ने नेपाली कांग्रेसले अधिबेशनमै यस्तो अवस्था भएपछि जनबादी केन्द्रीयता भन्ने कम्युनिस्टहरुमा लोकतान्त्र कसरी सहज होला ? निर्वाचनमा पराजीत हुँदा जोकोहीका लागि पनि पीडादायी हुन्छ नै । यहाँ हार्ने पक्षलाई यही पीडाले पोलेको हुनुपर्छ। तर, समालीन सकेनन्।

नेपाली उखान छ -कहिं नभएको जात्रा हेर्न हाँडीगाउँमा जानु। हाँडीगाउँ पुग्नै परेन । नेपाली कांग्रेस प्यूठानको १४ औं जिल्ला अधिबेशन हेरेकाले देखे । टेबुल, कुर्ची, गेट, भाचेको, मंसीरमा देवालीका बोका काट्दा देखिने भै रगतका आहालका दृश्यहरु देखिए। कामना गरौं। अरु अधिबेशनहरुमा यस्ता दृश्यहरु देख्न नपरोस्।

---

जसलाई घोँडाले....

बुबालाई पाले दिने गरेको भुवनले बताए । आफुले कमाएको पैसा केहि बुवालार्य दिएर केहि खुत्रुकेमा पनि बचत गर्ने गरेको सुनारले सुनाए। पर्यटकहरु घोडामा चड्न पाउदा खुसी हुदै पैसा दिनुहुन्छ त कसैकसैले हप्काउदा डर पनि लाग्ने गरेको उनले सुनाउछन । स्वर्गद्धारीमा पर्यटकहरुको धेरै आउने समयमा कमाई पनि बढ्ने हुनेगरेको घोडा व्यवसायीहरु बताउँछन। स्वर्गद्धारीमा उनिहरु जस्तै आधादर्जन मानिसहरुको व्यवसाय यस्तै छ । घोडामा चढेर फोटो खिचेको पचास रुपैयाँ र घोडामा मन्दिर सम्म पुऱ्याए वाफत २ सय देखि शुल्क यहाँका घोडा व्यवसायिहरुले लिने गर्दछन्।

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६

---

काँङ्ग्रेस प्यूठानमा ....

**यस्तो छ जिल्ला कार्यसमिती**

जिल्ला अधिबेशनबाट जिल्ला उपसभापतीमा देवेन्द्र ब्रह्म र इश्वर सिंह विष्ट, सचिबमा टोपाराम कालाथोकी र नरेन्द्र पुन मगर (एनपि) सर्वसहमत चयन भएका थिए भने सहसचिबमा नारायण ज्ञवाली र प्रमोद पोखेल निर्विरोध चयन भएका हुन।

सदस्यहरुमा कृष्णबहादुर जि.सी., प्रतिभा पौडेल, मित्रबहादुर मल्ल, लुसा आचार्य, तिलककुमार वि.क., दामोदर कालाथोकी, रिता नेपाली, कमला शाही, विजय कुमार श्रेष्ठ, रामप्रसाद न्यौपाने, सुमित्रा गौतम, कमलराज रिजाल, किशोर महतरा, नारायणी थापा लम्साल, कमला कामी, रामचन्द्र पौडेल, भिम मरासिनी, टिका मरासिनी, बसन्तकुमार के.सी., पवित्रा जि.सी., दिपक के.सी., नेत्रमणि पोख्रेल, सुशील कुमार डागी, गोमा भट्ट, खगेश्वर थापा, चन्द्र रोकामगर, सावित्रा बुढामगर, फनि बुढा, राधा सुनार, कर्ण वि.क., देउमान थापा, नामबहादुर नेपाली, बब्बर अलि मिया निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

**महाधिबेशन प्रतिनिधि को छानिए ?**

महाधिवेशन प्रतिनिधिमा निमा गिरी, भगवता विष्ट, निसा योगी, मेनका घिमिरे, गोविन्दराज पोख्रेल, मुक्तिप्रसाद शर्मा, दिवाकर गौतम, सुवास के.सी., अमरप्रसाद भण्डारी, धर्म बहादुर जि.सी., बद्री लम्साल, मानबहादुर वली, खिमानसिंह रायमाझि, हुकुमबहादुर विष्ट, सावित्रा अधिकारी, साधना राउत, सालिकराम पण्डित, रोज रणा (सरोज थापा), धनलक्ष्मी श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, देविराम पुन, सनत श्रेष्ठ, विन्दु परियार, गोपाल वि.क., मोहमद हमित शाह, पुर्णप्रसाद कालाथोकी निर्वाचित भएका छन्।

**मतगणनामा गोली चल्यो : ७ घाइते**

जिल्ला अधिवेशनको मतगणना स्थलमा मंगलवार राति गोलि चलेको छ । मतगणनाको क्रममा बिष्णु कुमार गिरीले अग्रता लिएपछि रिजाल पक्षका युवाहरुले अचानक आक्रमण गरेको बताइएको छ। मतपरिणममा असन्तुष्टि जनाउँदै युवाहरुले गरिरहेको प्रदर्शनका क्रममा प्रहरीले गोली चलाएको थियो।

मतगणना स्थल स्वर्गद्वारी क्याम्पसमा कांग्रेस कार्यकर्ता र नेपाल प्रहरी बीच झड्प भएको हो। प्रदर्शनले उग्र रुप लिएपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रु ग्यास प्रहार गरेको थियो । झडपका क्रममा प्रहरी सहित ७ जना घाईते भएका छन। घाईतेहरु मध्ये केहिको प्युठान अस्पताल र केहिको बुटवलमा उपचार भइरहेको छ । सर्वसम्मत रुपमा नेतृत्वन चयन हुन नसक्दा लोकतान्त्रिक विधिबाट गरीएको निर्वाचनको मतगणनामा गोली चल्नु सर्वत्र आलोचना भएको छ।

# हैजा रोग- सचेतना र समाधान

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ ले मानवजातीलाई यति आक्रान्त बनाइसकेको छ कि हामी त्यो भन्दापनि जोखिमपूर्ण रोगहरुलाई पनि बेवास्ता गर्न थालिसकेका छौं । त्यसैको सानो प्रतिनिधि दृष्टान्त हो- करिब एक महिना अगाडि नेपालको पश्चिमी तराईको कपिलवस्तुको कृष्णनगर नगरपालिकामा फैलिएको हैजाको प्रकोप । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना अनुसार त्यहाँ हजारौं मानिसहरु यो रोगबाट संक्रमित भए भने कैयौंको ज्यान पनि गयो । नेपालमा केहि दिन अगाडि मात्र हैजाको ओरल कलेरा भ्याक्सिन नेपाल आइपुगेको छ जसले मृत्यु दर घट्नुका साथसाथै समाजमा ठूलो राहत प्रदान गर्ने छ ।

विश्व स्वास्थ्य संगठन गाभी र युनिसेफको 'ग्लोबल स्टल पाइल'मा रहेको उक्त खोप युनिसेफको 'सप्लाई डिभिजन नेटवर्क' हुँदै नेपाल भित्रिएको हो । २१औं शताब्दीमा पनि झाडापखालाको रोगबाट मृत्यु भएको देख्नु अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो । सुरक्षित पिउने पानी र उचित सरसफाई पूर्वाधारको अभाव भएका धेरै असुरक्षित बस्ती र बिपन्न वर्गहरुमा हैजा एक प्रमुख हत्याराको रूपमा रहेको पाइन्छ ।

हैजा भनेको दुषित पानी पिउदा वा दुषित खाना खाँदा ब्याक्टेरियाबाट सर्ने रोग हो। गम्भीर हैजालाई ठूलो मात्रामा पानीको पखालाले चित्रण गर्छ । जसलाई प्रायः 'चामल-पानी मल' भनेर वर्णन गरिएको छ। किनभने यो फिक्का, दूधे समेत देखिन सक्छ । यो वाकवाकी र बान्तासंग पनि हुन सक्छ। यदि समयमै उपचार गरिएन भने घातक हुन सक्छ। हैजाको ब्याक्टेरिया भिब्रियो कोलेरा संक्रमणपछि एक देखि दस दिनसम्म दिसामा रहन्छन् र वातावरणमा फैलिनसक्छ र सम्भावित रूपमा अन्य मानिसहरूलाई सङ्क्रमण गर्दछ ।

हैजा निम्त्याउने ब्याक्टेरिया सामान्यतया संक्रमण भएको व्यक्तिको मलबाट दूषित खाना वा पानीमा पाइन्छ । सामान्य स्रोतहरू जस्तैः नगरपालिकाको अव्यवस्थित पानी आपूर्ति, सडक बिक्रेताहरु द्वारा खुल्ला स्थानमा बेचेको खाना र पेय पदार्थ, दिसा पिसाव मिसिएककक पानीमा फल्ने तरकारी, काँचो वा कम पकाएको माछा र ढलको प्रदूषित पानीमा यसका अवशेषहरु सक्रिय रुपले जीवित रहन्छन् । जब एउटा व्यक्तिले दूषित खाना वा पानी उपभोग गर्दछ, ब्याक्टेरियाले आन्द्रामा विषाक्त पदार्थ छोड्न थाल्छ जसले गम्भीर पखाला उत्पन्न गर्दछ ।

हैजा सजिलै र छिटो फैलन्छ तर यसको सजिलै उपचार पनि गर्न सकिन्छ । हैजाको प्रकोपको बेला उपचारमा द्रुत पहुँच आवश्यक छ। ओरल रिहाइड्रेसन थेरापी अर्थात् जीवन जल समुदायहरूमा उपलब्ध हुनुपर्दछ । ठूला उपचार केन्द्रहरूमा तुरुन्त आवश्यक जनशक्ति खटाउनुपर्छ। जसले ओआरएस र २४ घण्टा हेरचाह प्रदान गर्न सक्छ। प्रारम्भिक र उचित उपचारले मृत्यु दर १ प्रतिशतभन्दा रहेको छ। हैजाको प्राथमिक रोकथाम व्यक्तिगत स्तरमा उपयुक्त व्यक्तिगत सरसफाइ, सफा खानेपानी आपूर्ति, सफा र पोषिलो खानाको उचित तयारी, साथै तत्काल पहिचान र उपचारद्वारा प्राप्त गर्न सकिन्छ । समुदायमा उचित र व्यापक खोपको माध्यमबाट सामुहिक प्रतिरोधात्मक क्षमता (हर्ड इम्यूनिटी) विकास गर्नका साथै प्रकोपको प्रारम्भिक पहिचानको माध्यमबाट समुदाय स्तरमा ब्यापक सचेतना जागृत गराउन सकिन्छ ।

स्थानीय तहसंगको सक्रिय सहभागितामा प्रकोपको समयमा ब्यापक र द्रुत गतिमा सचेतना अभियानहरू सञ्चालन गर्नुपर्दछ । समुदायलाई हैजाको सम्भावित जोखिम र लक्षणहरूबारे जानकारी, हैजाबाट बच्न अपनाउनु पर्ने सावधानी, समन्वय र सहकार्य गर्नुपर्ने स्थानहरु र लक्षणहरूका सम्वन्धमा निरन्तर सुसुचित गराउनुपर्दछ । पहुँचयुक्त र उपयुक्त उपचार स्थलहरु साझा गर्नुपर्छ। सामुदायिक चासो, सरोकार र संलग्नताले व्यवहारमा दीर्घकालीन परिवर्तन भई हैजा नियन्त्रणको लागि महत्वपूर्ण हुन्छ ।

हैजाको प्रकोप नियन्त्रण गर्न र हैजाको उच्च जोखिम मानिने क्षेत्रहरूमा रोकथामका लागि पानी र सरसफाइमा भएको सुधारको संयोजनमा हैजा खोप प्रयोग गर्नुपर्छ । सरकारले हैजाको रोकथामका लागि हात धुने प्रविधि जस्तो राम्रो र प्रभावकारी क्षेत्रमा लगानी गरिरहेको छ। हात धुनु महत्त्वपूर्ण पाटो भएता पनि नेपालमा हैजा सर्ने अन्य नयाँ मार्गहरू देखा परिरहेका छन् ।

विश्व स्वास्थ्य संगठनको हैजा नियन्त्रण साझेदारहरूको ग्लोबल टास्क फोर्स 'इन्डिङ कोलेरा- अ ग्लोबल रोडम्याप टू २०३०'को कार्यान्वयन मार्फत हैजा अन्त्य गर्ने कार्यको लागि आह्वान गरेको छ। हैजाबाट प्रभावित देशहरूलाई हैजाको संक्रमण अन्त्य गर्न थप प्रयास र स्रोतहरू पहिचान गराउन आग्रह गरिएको छ । यस सन्दर्भमा, हैजा विरुद्धको खोपले हैजाको प्रकोप रोकथाममा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

हैजा नियन्त्रणको दीर्घकालीन समाधानका लागि सुसुचित समाज, सुरक्षित पिउने पानी र पर्याप्त सरसफाइमा पहुँच बढाउनु जरुरी छ । नेपालमा हैजाको प्रकोपको निगरानीलाई द्रुत रूपमा पत्ता लगाउन र प्रतिक्रिया दिन राष्ट्रिय तयारीलाई बलियो बनाउन अत्यन्त आवाश्यक देखिन्छ । एकीकृत र प्रभावकारी समाधानका लागि नीति निर्माणकर्ता, जनस्वास्थ्य प्रशासक र प्रबन्धकहरू र स्वास्थ्य सेवासँग सम्वन्धित व्याक्तित्वहरूको संलग्नता र प्रतिबद्धता आवश्यक छ । यो रोगको निगरानी र प्रकोपलाई द्रुत रूपमा समाधान गर्न स्थानीय तह, प्रादेशिक तथा सरोकारवाला सबै पक्षबाट राष्ट्रिय तयारीलाई बलियो बनाउन अत्यन्त आवश्यक छ ।



**डा पल्लवी कोइराला**

**(डा. कोइराला कलेज अफ मेडिकल साइन्स, भरतपुरमा कम्युनिटी मेडिसिन तेस्रो वर्ष अध्ययनरत छिन्।)**


# नवजात शिशुहरूमा किन हुन्छ जन्मजात मुटुरोग?

नवजात शिशुहरुमा जन्मजात विभिन्न रोगदेखिन्छन् । तीमध्ये उनीहरुमा देखिने आम समस्या हो, बाल मुटुरोग। एक सय जना शिशु जन्मँदा एकदेखि दुई जनालाई मुटु सम्बन्धी रोग हुन सक्छ। धेरैजसो मुटुरोगमा बच्चा ठूलो हुँदै जाँदासमस्या आफैँठीक हुन्छ । तर, हजार शिशुमध्ये एक जनामा जटिल खालकोसमस्या देखिन्छ । यस्तो समस्या भएका शिशुलाई जन्मने बित्तिकै उपचार वा शल्यक्रियाको खाँचो पर्छ ।

नवजात शिशुहरुमा मुटुरोग हुनुको विभिन्न कारण छन् । यो समस्या वंशाणुगत पनि हुन सक्छ। गर्भवती भएको समयमा विभिन्न रोगको औषधि प्रयोग गरेका, मधुमेह, उच्च रक्तचाप भएका आमाहरुले जन्माउने शिशुमा मुटु रोगको समस्या देखिने संभावना धेरै हुन्छ।

कुनै पनि महिला गर्भवती भएको सुरुको चार हप्ताभित्र मुटु बनिसकेको हुन्छ । गर्भवती भएको थाहा नपाउँदै मुटु बनिसकेको हुने हुँदा महिलाले आफ्नो स्वास्थ्यमा ध्यान दिएको हुँदैन। त्यसैले आमाको स्वास्थ्य र उसले गर्ने व्यवहारले पनि कतिपय शिशुको मुटुमा असर गरिसकेको हुनसक्छ ।

मुटु रोग भएका बच्चा जन्मने क्रममा सामान्य हुँदैनन् । उनीहरु कालो रङको देखिन्छन् । शरीरमाअक्सिजनको अभाव हुन्छ। उनीहरुलाई तत्कालउपचारको आवश्यक पर्छ। तत्काल उपचार नपाए मृत्यु पनि हुनसक्छ । यसकोउपचार दुई किसिमको हुन्छ। पहिलो, बेलुनको मद्दतले नचिरिकन गरिने शल्यक्रिया। दोस्रो, चिरेर गरिने शल्यक्रिया । कुनै बच्चाहरुमा भने यी दुई वटै उपचारको आवश्यकता पर्न सक्छ ।




यद्यपि, यो संभावनाशून्य दशमलव एक प्रतिशत मात्र हुन्छ ।

केही बच्चामा भने मुटुसम्बन्धी समस्या भएपनि हेर्दा सामान्य देखिन्छन् । उनीहरुमा जन्मिने बित्तिकै मुटु सम्बन्धी समस्या देखिँदैन। तर एक/डेढ महिनापछि मात्रसमस्या देखिन थाल्छ । तर, पहिचान गर्न गाह्रो छैन । आमाको दूध राम्रोसँग चुस्न नसक्ने, दूध खाने क्रममा छिटो-छिटो श्वास फेर्ने, आमाको दूध छोड्दै तान्ने, दूध खाने बेला एकदम पसिना आउने समस्या हुन्छ।योसँगै ती बच्चालाई निमोनिया हुने, परीक्षणका क्रममा मुटुमा फरक किसिमको आवाज आउने रतौल आवश्यकता अनुसारबढेको हुँदैन । यी लक्षण देखिए अभिभावकले आफ्नो बच्चामा मुटुसम्बन्धी रोग छ की भनेर शंका गर्नुपर्छ ।

बच्चाहरुमा देखिने मुटु रोगहरुमा पनि मुटुमा प्वाल पर्ने एक आम समस्या हो । यो समस्या पनि धेरै किसिमको हुने गर्छ। मुटुमा हुने प्वाल सानोदेखि ठूलोसम्म हुन्छन् । कुनै बच्चाहरुको मुटुमा एकदमै सानो प्वाल हुन्छ । यसले मुटुलाई खासै असर गरेको हुँदैन । कतिपय बच्चाहरु ठूलो हुँदै जाँदा ती साना प्वालहरु आफैँ बन्द पनि हुन्छन् । ती बच्चालाई हामी फलोअपमा मात्र राख्छौं । तर, कुनै बच्चाको मुटुमा ठूलो प्वाल हुन्छ ।

मुटुमा ठूलो प्वाल भएका बच्चालाई निमोनिया भइरहने, भेन्टिलेटरमा राख्नुपर्ने र विशेष उपचारको आवश्यकता पर्छ। एकदेखि डेढ वर्षभित्रमा शल्यक्रिया गरेर ती ठूला प्वाल बन्द गर्नुपर्छ । धेरै ढिलो भए ती प्वाल पछि बन्द गर्न नसकिने हुन्छन्।यो समस्या भएका बच्चाहरु चिकित्सकसँग निरन्तर सम्पर्कमा रहनैपर्छ ।

एक्सरे, इसिजी गरेर पनि मुटुको अवस्था हेर्न सकिन्छ । तर, रोगको निदान गरी उपचार चाहिने/नचाहिने पत्ता लगाउन भने बच्चाको 'इको कार्डियोग्राफी'नै गर्नुपर्छ । 'इको कार्डियोग्राफी' गरेपछि मात्र समस्याको अवस्था र उपचारको किसिमबारे चिकित्सकले सल्लाह दिन्छन् । यस्तो समस्या भएका बालबालिकाकाअभिभावकले उनीहरुको खानपान र पोषणमा विशेष ध्यान दिनुपर्छ। सामान्य बच्चालाई भन्दा पोषणको बढी खाँचो पर्छ ।

मुटुरोग भएका बालबालिकाहरु जीवनभर अस्पताल धाइरहनुपर्छ भन्ने हुँदैन। मुटुमा भएका प्वाललाई समयमै बन्द गर्न सक्यौँ र फोक्सोको दबाब सामान्य भयो भने औषधि खाइरहनु पर्दैन। सुरुको दुई/चार वर्ष फलोअपका लागि आउनु परेपनि पछि नपर्ने हुन्छ ।

यी समस्या सुरुमै पहिचान भए भने धेरैजसो निको पार्न सकिन्छ। उनीहरु विभिन्न खेलमा भाग लिन सक्ने र एक स्वस्थ मानिस सरह जीवन जीउन सक्ने हुन्छन् । तर, ढिलो भयो भने मात्र समस्या जटिल बन्दै जान्छ । जोखिममा रहेका गर्भवतीहरुले शिशुको मुटुमा समस्या भए/नभएको जाँच गर्न सकिन्छ । ती महिलाले 'फिटल इको' गरेर पेटभित्रको शिशुमा मुटुरोग छ कि छैन भनेर हेर्न सकिन्छ । सबै गर्भवतीका लागि यो आवश्यक छैन। तर, जोखिम समूहमा रहेका गर्भवतीले भने फिटल इको गराउनुपर्छ। १८ देखि २२ हप्तासम्ममा फिटल इको गर्न सकिन्छ । नेपालमा यो सुविधा भित्रिएको धेरै वर्ष भइसकेको छ ।

यदि कुनै महिलाले सन्तानको योजना बनाउँदै छिन् भने विभिन्न विषयमा ध्यान दिनुपर्छ । मधुमेहको समस्या भएका महिलाको चिनीको मात्रा नियन्त्रणमा राख्नुपर्छ। छारेरोग, रगत पातलो बनाउने औषधि, मुटुदेखि विभिन्न रोगको उपचार गरिरहेका महिलाले बच्चाको विकासलाई असर नगर्ने किसिमको औषधि खानुपर्छ ।

जन्मजात मुटुरोगको यकिन कारण अहिलेसम्म पत्ता लागेको छैन । ८० देखि ८५ प्रतिशतमा हुने जन्मजात मुटु रोगको कारण थाहा हुँदैन । यकिन कारण थाहा नभएका कारण पनि यसको रोकथाम चुनौतीको विषय हो । यद्यपि, जोखिम समूहमा पर्ने महिलाले विशेष ध्यान दिनैपर्छ ।

हुन त मानिसहरु अहिले यो रोगप्रति केही सचेत हुँदै गइरहेका छन् । धेरै ठाउँमा यसको परीक्षण तथा उपचार हुने भएकाले पनि यो रोग प्रारम्भिक अवस्थामै पत्ता लगाउन सकिन्छ । र, यसको निदान हुने क्रम पनि केही बढ्दै गइरहेको छ ।

निजी अस्पतालहरुमा पनि यो रोगको उपचार सुविधा छ। शहीद गंगालाल हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा शल्यक्रियासहितको उपचार हुन्छ । गंगालाल अस्पतालमा १५ वर्षमुनिका बालबालिकाको भर्ना गर्नुपरे उपचार निःशुल्क हुन्छ ।



**डा. पुनम शर्मा**

**(बाल मुटुरोग विशेषज्ञ डा. पुनम शर्मा शहीद गंगालाल हृदय केन्द्रमा कार्यरत छिन् ।)**

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# बेमौसमी तरकारी खेती कसरी गर्ने ? विधि र प्रक्रिया सहित

चन्द्र प्रकाश कार्की

**परिचय**:

प्रतिकुल मौसममा पनि ताजा तरकारी उत्पादन गर्नु लाई बेमौसमी तरकारी खेति भनिन्छ। यसको उध्यश्य भनेको तरकारीको न्युन वा शुन्य आपूर्ति हुने समयमा बजारमा ताजा तरकारीको उत्पादन र आपूर्ति गर्नु हो। बेमौसममा गरिने कुनै पनि तरकारी खेतीको लागी धैरै मिहिनेत र परिश्रम आबश्यकता पर्दछ । बेमौसममा उत्पादन गरिने कुनै पनि तरकारीको उत्पादन खास मौसममा भन्दा कम उत्पादन भएता पनि बजार मुल्य बढि आउने हुदा मौसमको भन्दा बढीनै फाईदा हुन जान्छ। तसर्थ यसरी खेती गरिने तरकारीको लागी बेर्ना उत्पादन गर्ने काम पनि बेमौसममानै गर्नु पर्ने हुन्छ।

**बेमौसमी तरकारी उत्पादनका फाइदाहरू**:

-किसानहरुलाई तरकारी उत्पादनबारे प्रबिधिको जानकारी हुन्छ।

-किसानहरुको आत्मविश्वासको बिकास हुन्छ।

-तरकारी उत्पादन मुख्य पेसा बनाउने अबसरको सृजना हुन्छा।

-तरकारी उत्पादनबाट उच्च मुनाफा आर्जन गर्न सकिन्छा।

-उपभोक्ताले ताजा र स्वस्थ तरकारी उपभोग गर्न पाउछन।

-बाहिय निर्यातबाट बिदेशी मुद्रा आर्जन गर्न सकिन्छ।

-रोजगारी अवसर सृजना हुन्छ।

**बेमौसमी तरकारी उत्पादनका बेफाइदाहरू**:

-तरकारी उत्पादन गर्न उच्च प्रविधिको आवश्यकता पर्दछ।

-रोग तथा किराको संक्रमणले जोखिम कार्य हुनसक्छ।

-निरन्तर बालीको हेरचाह र विभिन्न निकायहरुको अनुगमनको आवश्यकता पर्दछ।

-ब्याबसायिक स्तरमा मात्र यो खेति सम्भब हुनसक्छ।

-बजारीकरणको राम्रो ब्यबस्था हुनु पर्दछ।

**बेमौसमी तरकारी उत्पादन गर्ने बिभिन्न प्रबिधिहरू**:

-खेति गर्ने बालीको जातको छनोट।

-खेति गर्ने मौसमको छनोट तथा हेरफेर।

-खेति गर्ने स्थानको छनोट, परिबर्तन तथा हेरफेर।

-खेति गर्ने समयको फेरबदल।

-प्लास्टिक गुमोज, टनेल, घर तथा छाप्रोको प्रयोग गरि बेर्न तयार गर्ने तथा उत्पादन गर्ने। ग्रीन हाउस निर्माण (प्लास्टिक वा सिसाको घर) गर्ने।

-हाइड्रोफोनिक प्रविधिको प्रयोग गर्ने।

**प्रतिकुल मौसममा बेर्ना उत्पादन गर्ने सरल तरिकाहरू**:

(क) प्लास्टीकको गुमोज भित्र बेर्ना उमार्ने तरिका:

१ मीटर लम्बाई, १५ सेन्टीमीटर उचाई र आबश्यकता अनुसारको लम्बाई भएको व्याड तयार गर्नु पर्दछ। राम्ररी खनजोत गरी माटो धुल्याउने र राम्ररी पाकेको कम्पोष्ट मल वा प्राङ्गारिक मल मिसाउनु पर्दछ। यसरी तयार गरिएको व्याडमा चौडाई तीर २-३ ईन्चको फरकमा रेखा कोरी १ ईन्चा गहिरो धर्साहरु बनाउनुपर्दछ । धर्साहरुमा एक नासले पर्ने गरी बीउ खसाली बीउलाई मसिनो माटो, बालुवा वा मल माटोको मिश्रणले पुरी हलुका संग हत्केलाले थिच्नु पर्दछ । बीउ छरेपछि व्याडलाई पराल वा गहुंको नलले वा सुकेको खरले छोपी व्याड भिज्ने गरी पानिले सिचाई गर्नु पर्छ।

**व्याडमाथी प्लास्टीकको गुमोज बनाउने तरिका**

ब्याडको गुमोजकोलागी लगभग १.५ मिटर लामो बांसको भाटाहरु चाहिन्छन्। बांसको भाटाको एक टुप्पोलाई व्याडको चौडाईको एक तर्फ गाड्ने र भाटाको अरु भागलाई नुगाएर व्याड माथी अर्ध बाटुलो हुने गरी व्याडको चौडाईको अर्को भागमा पहिलो टुप्पो गाडेको ठीक सिधा अगाडी पर्नेगरी अर्को टुप्पो गाड्नुपर्दछ । यसरी व्याडको लम्बाई अनुसार बांसका भाटाहरु व्याड माथी ३-३ फीटको फरकमा गाड्दै जानु पर्दछ । बांसका भाटाहरु गाडी सकेपछि भाटा माथी प्लास्टीकले छोपी प्लास्टीकको दुबै छेउ व्याडको तल्लो भाग जमीन सम्म ल्याउनु पर्दछ र माटोले हावा नछिर्ने गरी प्लास्टीकको कीनार लाई थीच्नु पर्दछ। तयार भैसकेको व्याडलाई राम्रो हेरचाह गर्नु पर्दछ । बीउ उम्रन थालेपछि व्याडमा छोपीएको पराल वा छ्वाली वा खर हल्का तवरले हटाउनु पर्दछ । बेर्नाहरुमा बिहान बेलुकी पानी दिने, गोडमेल गर्ने र रोग किराको प्रकोप हुन नदिन रोग तथा कीट नाशक बिषादी छर्ने कार्य गर्दै जानु पर्दछ।

**प्लास्टिक गुमोजका फाइदाहरू**:

-व्याडको तापाक्रम बढाउंछ।

-बेर्ना लाई ठण्डी, तुषारो र बर्षा आदि बाट बचाउंछ।

-ठण्डीको समयमा परालको सुकूल वा गुन्द्रीले प्लास्टीकलाई छोपी दिंदा अरु बढी फाइदा हुन जान्छ।

-बिहान घाम लागेपछि प्लास्टीकको केहि भाग हटाई दिने र बढी ठण्डी भएमा तथा पानी परेमा फेरी प्लास्टीकले व्याडलाई छोपी दिनु पनि त्यतिकै जरुरी हुन्छ। रातमा भने कहिले पनि व्याड बाट प्लास्टीक हटाउनु हुंदैन । बर्षातको बेला व्याडमा बेर्ना बढी सकेपछि स्थायी रुपले प्लास्टीक हटाउनु उपयूक्त हुन्छ । अन्यथा व्याडमा राम्ररी प्रकाश पर्न सक्ने गरी छाप्रोको व्यबस्था गर्नु पर्दछ।

(ख) काठको बाकसमा बेर्ना उमार्ने तरिका:-

हलुका खालको काठ बाट बनाईनु पर्दछ। बाकसको तयारी गर्दा २ फिट लामो, १ फिट चौडाइ र ४ ईन्च गहिरो भएको बाकस हुनु पर्दछ

यसको तल्लो भागको पिंधमा पानी निकासको लागी स-साना ४-५ वटा प्वालहरु पनि पार्नु पर्दछ। अब तयार भएको बाकसमा जङ्गलको माथिल्लो सतहको माटो वा पुरानो पोखरीको माटो वा खेत बारीको आली कान्लाको मलिलो माटो २ भाग, राम्ररी कुहिएको वा पाकेको गोबर मल २ भाग र बालुवा १ भाग ( बलौटे माटो भएमा बालुवा मिसाई रहनु पर्दैन ) राम्ररी मिसाई बाकसको माथिल्लो भाग एक डेढ इन्च जति खाली राखी मल माटोको मिश्रणले बाकस भर्नु पर्दछ।

यसरी मल माटोले भरी सकेपछि बीउ छर्ने र सुकेको गहुंको नल वा पराल वा खरले छोपी दिनु पर्दछ । जाडो याममा छ भने प्लास्टीकले हावा नछिर्ने गरी टम्म पारेर छोपी दिने र दिनमा घाम लाग्ने ठाउंमा राखी दिनु पर्दछ र रातमा घर भित्र वा ओतीलो ठाउंमा बाकस राख्नु पर्दछ । बीउ उम्रन थालेपछि बाकस बाट प्लास्टीक वा पराल वा छ्वाली हटाई दिनु पर्दछ। त्यसपछि तुरुन्तै प्रति लिटर पानीको दरमा ३ ग्राम क्याप्टेन वा डाईथेन एम ४५ वा बेभिस्टीन ढुस्सी नासक बिषादी मिलाई स्प्रे गर्नु (छर्नु ) पर्दछ। यी ढुस्सी नासक बिषादीले बेर्नाहरु ढल्ने, जरा, पात र डांठमा लाग्ने बिभिन्न प्रकारका रोगहरुबाट बेर्नाहरु बचाउन मद्धत गर्दछ।

(ग) प्लास्टीकको थैलामा बेर्ना उमार्ने तरिका:

बाकसको लागी प्रयोग गरिने जस्तै गरी मल, माटो र बालुवाको मिश्रण बनाई ४-६ इन्चको प्लास्टीकको थैलामा भर्नु पर्दछ । थैलाको तल्लो भागमा पानी निकासको लागी स-साना प्वालहरु बनाएको हुनु पर्दछ । बीउ लगाईएको प्रत्येक थैलामा बीउ नउम्रे सम्म पानी पटाई रहनु अति जरुरी हुन्छ । यस्ता थैलाहरु ठण्डी तथा तुषारो बाट बचाउनको लागी गुमोज भित्र वा रातमा घर भित्र न्यानो ठाउंमा राख्नु पर्दछ। तर घाम लागेको बेला तुरुन्तै बाहिर निकाल्नु अतिनै जरुरी हुन्छ भने गुमोज भित्र राखिएको भए घाम लागेको बेलामा प्लास्टीकको केहि भाग खोल्नु पनि त्यतिकै जरुरी हुन्छ। घाम लागेको समयमा खोलिएन भने बेर्नाहरु सबै ओईलाएर मर्दछन् अनि घर भित्रै राखिरह्यो भने प्रकाशको अभावमा बिरुवाले प्रकाश सम्सलेशन कृया गर्न नपाई बेर्नाहरु पहेंलिएर मर्दछन्।

**बर्षा मौसममा बेर्ना सार्दा भुल्न नहुने कुराहरू**:

बर्षातको याममा बेर्नाहरु भिरालो जमिन बाहेक अन्य ठाउंमा खेती गर्दा ड्याङ्ग बनाई सार्नु पर्दछ। बर्षातको समयमा बेर्ना सार्ने बित्तिकै बेर्नाको वरीपरी सुकेको घांस, झारपात तथा परालले छापो (मल्चीङ्ग ) दिनु पर्दछ। बर्षातको मौसममा बढी मात्रामा किराहरुले आक्रमण गर्ने भएकोले बेर्नाहरु सार्नु भन्दा अगाडी मालाथीयन धुलो १ के.जी प्रति रोपनीको दरमा माटो उपचार गर्नु पर्दछ। बेर्नामा लाग्ने कीराहरुको लागी नुभान बिषादी २ यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई छर्नु पर्दछ । कीरा नियन्त्रणको लागी १ के.जी गहुंको पीठो , २०० ग्राम चिनी वा सखर, ५० ग्राम मालाथीयन वा अल्ड्रीनको धुलो , खाने तेल २ चिया चम्चा सबै एकै ठाउंमा मिसाई मिश्रण बनाउने र यीनै मिश्रणलाई बिषादीको रुपमा चाहारा बनाई ठाउं ठाउमा राखी दिनु पर्दछ।

**ठण्डी मौसमको बेला बेर्ना रोप्दा भुल्न नहुने कुराहरू**:-

ठण्डी मौसममा बेर्ना सार्दा बेर्नाको वरिपरी सुकेका घांस, झारपात तथा परालले छापो दिनु राम्रोहुन्छ । ठण्डी मौसममा बेर्नाहरु सारी सकेपछि ठण्डी वा तुषारो बाट बचाउन १० इन्च चौडा १५ इन्च लम्बाई भएको प्लास्टीक थैलाले स-साना बांस वा अन्य छेस्काको सहयोग बाट बेर्नालाई पुरै ढाकी छोप्न सकिन्छ। यसरी छोप्ने प्लास्टीकको माथिल्लो भागमा प्वालहरु बनाउन जरुरी हुन्छ । घाम लागेको समयमा प्लास्टीक हटाउन भुल्नु हुंदैन र घाम डुबी सकेपछि पुनः बिरुवा लाई बाधा नपुग्ने गरी छोपी दिनाले बेर्नाहरु छिटो बढ्न सकि छिटै फल दिन सक्षम हुन जान्छन् ।

स्नोबल काउली, कोपन हेगन बन्दा आदिको बेर्ना मंसिर-पौष महिनामा रोप्दा ठण्डीको कारणले बेर्नाको बृद्धि बिकास ज्यादै ढीलो हुने हुंदा सम्भव भए सम्म बेर्नाको चारैतीर बाक्लो हुने गरी सुकेको खर वा परालको छापो दिन सकेको खण्डमा माटोमा तापाक्रम बढ्न गै सहि ढंग बाट बिरुवाले खाद्य तत्व लीन सक्ने हुन्छ र बिरुवा छिटो बढ्न जान्छ अनि उत्पादन पनि बढी लीन सकिन्छ ।

पहाडी भेग तीर बेमौसममा तरकारी उत्पादन गर्नको लागी गोलभेडा, भन्टा, खुर्शानी, करेला, कांक्रो, सिमि, बोडी , घिर तैंला, चिचिन्डा आदि मंसिर-पौष तीर रोप्ने गरिन्छ। कहिले कांही बढी ठण्डीको कारण तथा बढी तुषारो पर्न जानुको कारण बेर्नाहरु बढ्न नसक्ने भएकोले माथी बताईए अनुसार १० इन्च ह् १२ इन्च को ल्पास्टीकको थैलो बनाई स्थानान्तर गरिएको बेर्नाहरु लाई सांझतीर छोपी भोली पल्ट बिहान घाम झुल्के पछि हटाउंदा बेर्ना छिटो बढ्न सक्दछ। तरकारीको बेर्ना रोपिएको ठाउंमा बेर्नाहरु पुरै ढाकिने गरी ल्पास्टीकको टनेल वा ल्पास्टीकको घर निर्माण गरेर पनि ठण्डी तथा तुषारो बाट बचाई अग्रिम तरकारी बाली लीन सकिन्छ। जातहरु छनोट गर्दा नजिकैका कृषि प्राबिधिक अथवा अन्य श्रोतबाट अग्रिम जानकारी लिनुपर्दछ।


## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
ऐरावती गाउँपालिका, बरौंला प्यूठान



## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु , आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त नगरपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
प्यूठान नगरपालिका, बिजुवार प्यूठान

# एमाले महाधिवेशनमा अल्लो कपडाको व्यापार : बुढा मगर दम्पतिले एक लाख दिनमै कमाए



एमालेको १० औँ राष्ट्रिय महाधिवेशन बन्दसत्र स्थल चितवनको सौराहामा अल्लोका कपडा प्रदर्शन तथा बिक्रि

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट, प्यूठान**

प्युठानको नौबहिनी गाउँपालिका-१, स्याउलिबाङ्गका खिमबहादुर बुढा मगर दम्पतीलाई एमालेको १० औँ राष्ट्रिय महाधिवेशन बन्दसत्र स्थल चितवनको सौराहामा अल्लो (सिस्नो प्रजाति) को कपडा बेच्न भ्याइनभ्याई भएको थियो । अल्लोको धागोबाट आफैले बनाएको कोट, टोपी, झोला, पेटि र पर्स बेच्न उनीहरू प्युठानदेखि चितवन गएका हुन् ।

खिमबहादुर र उनकी श्रीमती चित्रकली बुढा मगर दिनभर कपडा बेच्नमा व्यस्त देखिन्थे । एमालेको महाधिवेशनलाई उनीहरूले राम्रो मौकाका रूपमा लिए । एमालेले चितवनमा महाधिवेशन गर्ने तय भएपछि बुढा मगरका दम्पती अल्लोको कपडा बेच्न चितवन जाने निधो गरे। नारायणी नदी किनारमा १० मंसिरमा महाधिवेशनको उद्घाटन हुँदै थियो । उनीहरू ७ मंसिरमै चितवन आइपुगे । उनिहरु त्यही दिनदेखि नदी किनारमा मञ्चको अगाडि कपडा बेच्न थाले । राति नारायणगढ लिलाचोक स्थित एक अतिथि सदनमा बास बसे ।

बन्द सत्रका लागि सहभागीहरू ०९ मंसिरको राति महाधिवेशन प्रतिनिधिहरु सौराहा आएका थिए । उनीहरू पनि कपडा बेच्नका लागि सौराहा गएका हुन् । 'बन्दसत्र यहाँ (सौराहा) हुने भएपछि हामीहरू पनि यहीँ आयौँ । शनिबार ९५ हजारको व्यापार भएको थियो', खिमबहादुरले भने ।

**दैनिक सरदर एक लाखको व्यापार**

अल्लोको टोपीलाई उद्योगबाट खुद्रामा बिक्री गर्दा प्रतिटोपी सात सय रुपैयाँमा बिक्री हुन्थ्यो । व्यापारीलाई दिने थोक मूल्य प्रतिटोपी पाँच सय रुपैयाँ थियो । अहिले महाधिवेशनलाई लक्षित गरेर खुद्रामा पनि प्रतिटोपी पाँच सय रुपैयाँमा नै बिक्री गरिएको उनले बताए । 'देशभरका महाधिवेशन प्रतिनिधिले लगाउन् भनेर थोककै मूल्यमा बिक्री गरेका छौँ', उनले भने । स्टकोटलाई ३५ सय, जुवारी कोटलाई ४५ सय र फुल कोटलाई नौ हजारमा बिक्री गरिएको उनले बताए । त्यही मूल्यमा कोटसंगै एउटा टोपी पनि दिने गरिएको उनको भनाइ छ । टोपी नलैजानेलाई पाँच सय रुपैयाँ छुट दिने गरिएको छ । पेतिलाई १ हजार र पर्सलाई ३ सय देखि ५ सय सम्म बेच्ने गरेको उनले बताए ।

उद्योगबाटै कपडा बेच्दा दिनमा उनीहरूको १५ हजार रुपैयाँ जतिको व्यापार हुन्थ्यो । महाधिवेशनको उद्घाटनका दिनमा भने एक लाख आठ हजार रुपैयाँको व्यापार भएको उनले बताए । महाधिवेशन अघि ८ मंसिरमा ८० हजार र ९ मंसिरमा ७९ हजार रुपैयाँको व्यापार भएको उनी बताउँछन् ।

**श्रीमान् श्रीमती नै अध्यक्ष र व्यवस्थापक**

कपडा बनाउने उनीहरूको आफ्नै उद्योग छ। प्युठानमा कोठि हिमाल अल्लो कपडा उद्योग छ । उद्योगको अध्यक्ष उनकै श्रीमती चित्रकली हुन् भने व्यवस्थापक खिम बहादुर हुन् । 'मुख्यतः हामी महाधिवेशनकै लागि भनेर आएका हौं । महाधिवेशनमा व्यापार पनि सँगसँगै गरौँ भनेर आयौँ', उनले भने, 'पहिला त मान्छेहरूले यो कपडा खासै चिन्दैनथे । किन्दैनथे पनि । अहिले चाहिँ चिन्ने जतिले किनिरहेका छन् ।'

अल्लोको कपडाले गर्मीमा शीतल र जाडोमा न्यानो बनाउने उनी बताउँछन् । यो कपडाले सुगर र प्रेसर पनि नियन्त्रण गर्न सघाउने उनको भनाइ छ । चित्रकलीले २०६२ सालमा अल्लोको कपडा बनाउने तालिम लिएकी हुन् । मगर समुदायमा परम्परागत रुपमा भांग्रा बनाउने र अल्लोको धागो निकाल्न जान्ने महिलासँग मात्रै पुरुषले विवाह गर्नुपर्ने विगतमा यहाँको चलन थियो । त्यस्तै, सीप नभएको पुरुषसँग मात्रै महिलाको विवाह गरिदिने प्रचलन थियो । 'पहिला किनेर लगाउन सक्ने अवस्था थिएन । किन्न परे पनि पैसा हुन्थेन । त्यसैले महिलामा अनिवार्य यसको धागो निकाल्ने र बुन्ने सीप हुनुपर्थ्यो । छोरा मान्छेमा चाहिँ हलो तान्ने, डोको बुन्ने जस्ता सीप हुनुपर्थ्यो', उनले भने, 'अहिले चाहिँ किन्न सकिन्छ । मान्छेले विभिन्न जागिर गर्छन् ।' 'नौबहिनी गाउँपालिकाका करिब ४४ जनप्रतिनिधिहरुले उद्योगमा थप हौसला र सफलता मिलोस भनेर ड्रेसको रुपमा सबैले एक-एक सेट कोट लगाएका छन्, यसले मलाई ठूलो हौसला मिलेको थियो ।' उनले भनिन् ।

२०६६ सालमा २० औं राष्ट्रिय उद्योगि अन्तर्गत प्रदर्शनि छनोटमा परि १० दिने थाईल्यान्ड भ्रमण समेत गईसकेकी छिन् चित्रकली । त्यो भ्रमण पछि व्यवसायमा थप हौसला मिलेको उनि बतबउँछिन् । नेपालको धेरै जिल्लाहरुमा लाग्ने उद्योग तथा व्यापार मेलामा प्रदर्शनिका लागि लैजाने र उत्कृष्ट स्थान हासिल गरेको उनि बताउँछिन् । इन्डो नेपालले भारतको चण्डिगढमा आयोजना गरेको अन्तराष्ट्रिय व्यापार मेलामा समेत प्रदर्शनिको लागि लगेको उनले बताए । उनीहरूले २०४२ सालमा विवाह गरेका हुन् । दुई जना छोरा र बुहारी छन् । छोराबुहारी पनि अल्लोकै कपडा बनाउने र बेच्ने काममा लागेका छन् ।

परिवारका सदस्यसँगै अरु नौ जनालाई पनि रोजगार दिएका छन्। धागो निकाल्न धेरै मान्छेको आवश्यकता पर्ने भएकाले अप्रत्यक्ष रूपमा हजारौँ जनाले पनि रोजगारी पाएको उनी बताउँछन् । कपडा उद्योगमा एक करोडभन्दा बढी लगानी रहेको उनले बताए । व्यापार बढ्दै गएकाले थप मेसिनको आवश्यक परेको छ । उनीहरूले अहिलेसम्म पनि हातले नै धागो निकाल्ने गरेका छन् ।

'डिभिजन वन कार्यालय प्यूठानबाट भवन निर्माणको लागि ५० प्रतिशत अनुदान प्राप्त भएसंगै अहिले प्यूठान नगरपालिका-१०, बडरामा भवन निर्माण गरेर त्यहिबाट व्यवसाय सुरु गरेका छौं,' साथै घरेलु तथा साना उद्योग विकास कार्यालय खलंगा प्यूठानबाट पनि मेसिनरि औजार अनुदान पायौं ।' उनले भनिन् ।

**आफ्नै जग्गामा अल्लो खेती :**

प्युठानको नौबहिनी गाउँपालिका ६, लुङ्ग बाहाने र प्यूठान नगरपालिका-१० मा अल्लो बनाउने उनीहरुको उद्योग रहेका छन् । 'घरतिर त दिनदिनै व्यापार हुँदैन । महिनामा भन्नुपर्दा तीनदेखि चार लाख रुपैयाँका कपडा हामीले बेच्ने गर्छौं । यहाँ मौका मिलेको छ । दिनमै एक लाखको हाराहारीमा व्यापार भइरहेको छ', चित्रकलीले भनिन् ।

ससुराले दिएको नौ रोपनी जग्गामा उनीहरुले अल्लो खेती गरेका छन् । त्यो देखेर अरुले पनि गाउँमा अल्लोको खेती गरेको उनी बताउँछिन् । अल्लोलाई स्थानीय भाषामा पुगा पनि भन्ने गरिन्छ । अल्लोका कपडा पनि विभिन्न किसिमका छन् । कुनै शतप्रतिशत अल्लोबाट बनेका कपडा छन् भने कुनैमा २५ देखि ७५ सम्म वुलन मिसाइएका कपडा पनि छन् । 'कुनै कपडामा हामीले वुलन पनि मिसाएका छौ । हाम्रो नेपालीलाई झिल्के देखिनुपर्छ, त्यसकारण हामीले मिसाएका हौँ', उनले भनिन् । खरानी पानीमा पकाएर अल्लोको धागो निकालिन्छ । अल्लो पकाउने मेसिन खरिदका लागि पोखरा विश्वविद्यालय र कोरिया विश्वविद्यालयले अनुदान दिएको उनले बताइन् । 'हाम्रो देशमा उत्पादन भएको कपडा लगाउने र अरुलाई पनि प्रोत्साहन गर्नुपर्छ । यो कपडा सस्तो र स्वास्थ्यका लागि पनि उपयुक्त छ', उनले भनिन् ।

धागो निकाल्न नजान्ने महिलाको विवाह नहुने भइसकेपछि श्रीमतीले आफ्नो श्रीमानका लागि भांग्रा र कछाड बनाइदिनुपर्ने परम्परा रहेकाले माइतीमा छँदै आमाले आफ्ना छोरीहरूलाई भाङ्ग्रा र कछाड बनाउन सिकाउने उनी बताउँछिन् । 'धागो निकाल्न जानेन भने त्यस्तो महिलाको विवाह नै नहुने हुन्थ्यो । हाम्रो गाउँमा अझै पनि त्यस्ता महिला चार जना छन्, धागो निकाल्न नजानेर विवाह नभएका', उनी भन्छिन्, 'कोही हाम्रो उमेरका । कोही हामीभन्दा अलि जेठा छन् ।'

२०६२ सालमा तालिम लिएर उनले व्यावसायिक रूपमा अल्लोको कपडा बनाउन थालेकी हुन् । 'सुरुमा त मैले धागो मात्रै बनाएर काठमाडौँमा लगेर बेचेको हो । तालिम लिएपछि कपडा नै बनाएर बिक्री गर्न थालेँ', उनले भनिन् । आफूले बनाएका अल्लोका कपडा उनले काठमाडौको भृकुटीमण्डपमा लगेर प्रदर्शनीमा पनि राखेकी छन् । 'प्रत्यक्ष अप्रत्यक्ष रुपमा जनप्रतिनिधि, संघ संस्था तथा संचार माध्यमहरु सबैले सहयोग पुऱ्याउनु भएको छ सबैलाई सम्झदै धन्यवाद दिन चाहन्छु ।' उनले भनिन् । महिला उद्यमिहरुलाई हौसला र सहयोगको खाँचो भएको हुनाले हाम्रो समाज पछि परेको हो, महिलाहरुलाई सिप विकासको तालिमहरु दिएर आत्मनिर्भर बनाउनुपर्ने उनले बताए ।

## नेकपा माओवादी केन्द्रको ८ वटा स्थानीय तहमा सर्वसम्मत नेतृत्व

**अनुज पछाई**
**झुलेनी पोष्ट**

नेकपा माओवादी केन्द्र प्यूठानले जिल्लाका ९ वटै स्थानीय तहमा सर्वसम्मत नेतृत्व चयन गरेको छ । शनिवार आयोजित प्रथम सम्मेलनबाट माओवादी केन्द्रले सर्वसम्मन नेतृत्व चयन गरेको हो । सम्मेलनको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भर्चुवल माध्यमबाट उद्घाटन गरेका थिए । सम्पन्न सम्मेलनबाट प्यूठान नगरपालिकामा बिष्णु योगीको अध्यक्षतामा ६५ सदस्यीय नगर कमिटी गठन भएको छ। समितिको उपाध्यक्षमा हरि बिएम, सुन्दरा केसी, मुकेस थापा, सचिब सुमन श्रेष्ठ, उपसचिव आकास जिएम र कोषाध्यक्षमा शुनिल सापकोटा पदाधिकारी चयन भएका हुन् । स्वर्गद्वारी नगरपालिकाको नगर सम्मेलनबाट अध्यक्षमा मेघराज जि.सी. (जीवन), उपाध्यक्ष दुर्गा रेग्मी, तिलक सुनार, धुर्ब बिक्रम सेन, सचिव टेक बहादुर भट्टराई, उप सचिव लक्ष्मी आचार्य र कोषाध्यक्ष खिमर ाज बि.क. निर्विरोध निर्वाचित भएसँगै ६५ सदस्यीय समिति गठन भएको हो । माण्डबी गाउपालिकाको प्रथम सम्मेलनबाट अध्यक्ष बल बहादुर केसी (शिशिर) को अध्यक्षतामा ४९ सदस्यीय कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्षमा टेक बहादुर कामी, सचिव कुमार अधिकारी, उप सचिवमा गिरिर ाज पौडेल र कोषाध्यक्ष गुञ्ज बहादुर के.सी. निर्वाचित भएका हुन ।

शनिवार आयोजित ऐरावती गाउँपालिकामा पनि सर्वसम्मत संगठन कमिटीको प्रथम सम्मेलन सम्पन्न गरेको छ । सम्मेलनले दोर्णप्रसाद पाण्डेको अध्यक्षतामा ५५ सदस्यीय समिति निर्वाचित गरेको छ। समितिको उपाध्यक्षमा रेशम बहादुर थापा, साबित्रा बस्नेत र अर्जुन कुमार पन्थी, सचिवमा भिमेस कुमार घर्तिमगर, उपसचिवमा मोतिलाल बिश्वकर्मा र कोषाध्यक्षमा हरिहर शर्मा निर्वाचित भएका छन । नेकपा (माओवादी केन्द्र) गौमुखी गाउँपालिकाको प्रथम सम्मेलनबाट सर्बसम्मत रुपमा चन्द्र बहादुर खत्री अध्यक्षमा निर्वाचित भएका छन् । समितिको उपाध्यक्ष अर्जुन न्यौपाने, बैकुण्ठ केसी, गोबर्द्धन थापा, सचीव रमेश र ाना मगर, उपसचिव पुष्कर शर्मा, कोषाध्यक्ष प्रेम सुनार सहित ४९ सदस्यीय गाउँ कमिटी गठन भएको हो । झिमरूक गाउपालिकामा झक बहादुर जि.सी. अध्यक्षतामा ५५ सदस्यीय समिति निर्वाचित भएका छन्। गाउँ पालिकाको प्रथम अधिवेशनबाट जि.सी सहितको नेतृत्व चयन भएको हो । समितिको उपाध्यक्ष बसन्तराज पोखरेल, बिष्णुमणी पोखरेल, ललित बहादुर बस्नेत, सचिब कृष्ण पोखरेल, सहसचिब गणेश गिरी र कोषाध्यक्षमा बसन्ता एम.सी. निर्वाचित भएका हुन् । नौबहिनी गाउँपालिकामा घन बहादुर बुढा (सचिन) को अध्यक्षतामा ५५ सदस्यीय कार्यसमिति निर्वाचित भएका छन् । समितिको उपाध्यक्ष भरत के.सि., तुलार ाम थापा (विशाल), ओविराम बिक (परि वर्तन), सचिव बल बहादुर के.सी., उपसचिव दिल बहादुर के.सी. र कोषाध्यक्ष नरेन्द्र घर्ती निर्वाचित भएको माओवादी केन्द्र प्यूठानले जनाएको छ ।

सरुमारानीमा अध्यक्ष कृष्ण बहादुर खाम्चा, उपाध्यक्ष शैलेन्द्र राना, शरद भुषाल र लक्ष्मी पल्ली, सचिब तिलक बि.क., कोषाध्यक्ष बलिराम सुनार सहित ४९ सदस्यिय गाउँ कमिटी गठन भएको हो ।

मल्लरानी गाउपालिकाको अधिबेशन सम्पन्न भएपनि पदाधिकारी टुङगो लागीसकेको छैन

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**गौमुखी गाउँपालिका, लिवाङ प्यूठान**

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**सरुमारानी गाउँपालिका, बड्डाँडा प्यूठान**

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**नौबहिनी गाउँपालिका, बाहाने प्यूठान**

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**झिमरुक गाउँपालिका, भ्यागुते प्यूठान**

## जिल्ला निर्वाचन कार्यालय प्यूठानको सुचना

यहि मिति २०७८ साल मंसिर १७ गतेदेखि २६ गतेसम्म स्वर्गद्वारी नगरपालिका, सरुमारानी गाउँपालिका, गौमुखी गाउँपालिका, झिमरुक गाउँपालिका तथा मंसिर २९ गतेदेखि पुस ९ गतेसम्म माण्डवी गाउँपालिका, ऐरावती गाउँपालिका, नौबहिनी गाउँपालिका र प्यूठान नगरपालिकामा फोटो सहितको मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन हुने भएकोले नेपाली नागरिकता बनाई फोटो सहितको मतदाता नामावली दर्ता हुन बाँकी रहेका नेपाली नागरिकहरु आ-आफ्ना स्थानीय तहको केन्द्रमा गई अनिवार्य रुपमा आफ्नो नाम दर्ता गराउनुहुन अनुरोध गरीन्छ ।

**राजन श्रीवास्तव**
**कार्यालय प्रमुख**
तथा
**जिल्ला निर्वाचन कार्यालय, प्यूठान**

## लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं

- महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक, र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो ।
- त्यस्ता हिंसा सामाजिक तथा कानुनी रुपमा अपराधन हुन् ।
- कोहि कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान